# प्रदेश सभा
# गण्डकी प्रदेश
# छैटौं अधिवेशन
# (तेइसौँ बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७७।०३।०४ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ । अब माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७७ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/७८ को राजस्व र व्ययको वार्षिक अनुमानको बाँकी सामान्य छलफल प्रारम्भ हुन्छ । उक्त छलफलमा बोल्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १० मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम म माननीय श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुखज्यू, ७७/७८ को बजेट तथा कार्यक्रम आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङद्धारा यो सम्मानित प्रदेशसभाको बैठकमा २०७७ साल असार १ गते प्रस्ततु भई हामी छलफलमा सहभागी भएका छौं ।

गणतन्त्र प्राप्तिको निम्ति संचालित विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै आन्दोलनमा बेपत्ता घाइते र अपांग भएका योद्धाहरुप्रति विशेष सम्मान सम्मान प्रकट गर्दछु ।

कोभिड-१९ को महामारीको चपेटामा परी निधन भएकाहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उपचारमा संलग्न संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यो महामारी रोकथाम नियन्त्रण र उपचारमा खट्नु हुने सबैप्रति हार्दिक आभार सम्मान र धन्यवाद व्यक्त गर्न चाहन्छु।

माननीय सभामुखज्यू, अहिले हामी एउटा विशेष अवस्थामा छौं । कोभिड १९ को संक्रमण फैलिइरहेको छ । आर्थिक गतिविधि ठप्प भइरहेको छ । यस्तो विषम अथवा असामान्य अवस्था यो सामान्य होइन, यो असामान्य अवस्थामा भइरहेको परिस्थितिमा पनि जनताको जीवन रक्षाको निमित्त अभिभावकत्व ग्रहण गर्दै जनतालाई एउटा आशा जगाउनको निम्ति प्रदेश सरकारले बजेट जुन यहाँ सम्मानित सभा समक्ष प्रस्तुत गरेको छ, म प्रदेश सरकार माननीय आर्थिक मामिला मन्त्रज्यूलाई मेरो तर्फबाट हाम्रो पार्टी नेकपा कम्युनिष्ट पार्टी गण्डकी प्रदेश संसदीय दलको तर्फबाट समेत हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आभार व्यक्त गर्न चाहन्छु र हाम्रो दलबाट उहाँहरु उहाँले प्रस्तुत गर्नुभएको जुन बजेट छ, त्यसप्रति समर्थन गर्न चाहन्छु ।

वहाँले त्यो बजेट तथा कार्यक्रममा विगतका उपलब्धीहरुको हाम्ले के के काम गऱ्यौं। के के उपलब्धि प्राप्त गऱ्यौ भनेर विगतको उपलब्धिको चर्चा गर्नुभएको छ । त्यो सकारात्मक छ । त्यस्तै पहिलेको बजेटभन्दा अरु विभिन्न कारणहरु देखाएर केही बजेटको मात्रा बढाउनु भाछ, बजेट किन बढ्यो ? किन मात्रा बढ्यो भन्ने कुरा पनि त्यहाँ चचा गर्नु भाछ । म त्यसलाई धेरै कुरा गर्न चाहन्नँ । अहिले खासगरी सरकारले आफ्नो प्राथमिकता तोक्दाखेरी कोरोना महामारीको रोकथाम, नियन्त्रण र उपचारलाई पहिलो प्राथमिकता तोकेको छ, त्यो अनुसारको बजेट विनियोजन गरेको छ। साथीहरुले भन्या छन्, त्यो बजेट त्यो प्राथमिकता मिलेन पुगेन भन्ने पनि छ । तर त्यस्तो होइन । सरकारले विविध ठाउँमा प्राथमिकता तोकेको छ । कोरोना महामारी रोकथाम, नियन्त्रण र उपचार पहिलो प्राथमिकता हो । जनताको जीवन रक्षाको कुरा पहिलो प्राथमिकता हो। त्यो पहिलो प्राथमिकता हुने गरी बजेट विनियोजन गरेको छ । सरकारलाई यसप्रति म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

स्वास्थ्य क्षेत्रको सुदृढीकरणलाई महत्वका साथ दिएको छ र त्यसमा सरुवा रोग तथा संक्रामक अस्पताल, विशिष्टीकृत अस्पताल, एयर लिफ्टिङ, बहुउद्देश्यीय पोषण कार्यक्रम खासगरी शिशु, बालबालिका किशोरी अपांगता भएका  र गर्भवती महिलाहरुलाई सहित पुग्ने गरी के भन्छ त बहुल के भन्छ त्यो बहुक्षेत्रीय पोषण कार्यक्रमको कुरा अगाडि ल्याएको छ । सबै जिल्ला अस्पतालको सुदृढीकरणको कुरा गरेको छ र नेपाल सरकारसँग मिलेर स्वास्थ्य बिमा ३ वर्षभित्र गर्ने भनेर त्यो एउटा विशेष कार्यक्रम पनि ल्याएको छ । त्यो एकदम सकारात्मक छ । शिक्षा क्षेत्रमा गण्डकी विश्वविद्यालय, शिक्षण अस्पताल स्थापना गर्ने, संचालन गर्ने र मेडिकल कलेज चिकित्सा र सूचना प्रविधि कलेज संचालन गर्ने कुरा यसै आर्थिक यसै आउने आर्थिक वर्षबाट संचालन गर्ने कुरा गरेको छ । गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान आवासीय र प्रविधि मैत्री शैक्षिक कार्यक्रम लगायतका कुराहरु शिक्षा क्षेत्रका महत्वपूर्ण र विशेष कार्यक्रमहरु हुन् ।

श्रम तथा रोजगार क्षेत्रमा सामाजिक सामाजिक सुरक्षा कोषको व्यवस्था गरेको छ। त्यसलाई जोड दिइएको छ । खेलकुदको क्षेत्रमा क्रिकेट रंगशाला, अरु रंगशालाहरुको निर्माण र एक स्थानीय तह, एक खेल मैदानको कुरा त्यसलाई जोड दिएको छ । प्रदेश सरकारभित्र रहेका कला, साहित्य, संस्कृतिलाई व्यवस्थित गर्नको लागि गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठानलाई स्थापना गर्ने, संचालन गर्ने उल्लेख गरेको छ। त्यो स्थापना गर्ने कुरा गरेको छ । महिलाहरुको आर्थिक, सामाजिक राजनीतिक र सांस्कृतिक सशक्तीकरण एवं लैंगिक समानताको कुरामा जोड दिएको छ । भगत् सर्वजित सिप विकास कार्यक्रम यो पहिलोपल्ट महत्वपूर्ण कुरा हो । हाम्रै प्रदेशमा बागलुङमा वहाँ जन्मिएर वहाँ वहाँले एउटा विशेष योगदान गर्नु भाथ्यो दलित आन्दोलनमा, वहाँको नाममा भगत् सर्वजितको नाममा पनि एउटा विशेष कार्यक्रम प्रदेश सरकारले बजेट नीति कार्यक्रम बजेट कार्यक्रम ल्याएको छ, म यसप्रति आभार व्यक्त गर्न चाहन्छु ।

कृषि क्षेत्रमा एक पालि एक पालिका एक उत्पादन । मुख्यमन्त्रीजलवायु मैत्री नमुना कृषि गाउँ । स्थानीय तहमा बिस्तार गर्ने, मुख्यमन्त्री जलवायुमात्रै नमुना गाउँलाई

स्थानीय हरेक स्थानीय तहमा बिस्तार गर्ने कार्यक्रम ल्याएको छ र त्यस्तै कृषि क्षेत्रमा किसानहरुले उत्पादन गरेको उपजहरुलाई संकलन केन्द्र, प्रशोधन केन्द्र शित भण्डार चिस्यान केन्द्र र आधुनिक बथशाला पशु बथशाला स्थापना गर्ने पनि जोड दिएको छ । पर्यटन गन्तव्य होम स्टेलाई सुदृढीकरण व्यवस्थित गर्ने कुरा गरेको  छ र त्यो पर्यटन उद्योग अहिले अप्ठ्यारोमा छ र उद्योगहरु अप्ठ्यारोमा छन् । व्यवसायीहरु अप्ठ्यारोमा छन् । तिनीहरुको लागि व्यवसाय पुनर्जीवन कोष भनेर  एउटा व्यवसाय पुनर्जीवन कोषको व्यवस्था गरेको छ । एकदम महत्वपूर्ण छ। कम्तीमा के भन्छ, सर्भाइभ गर्नको निम्ति, उनीहरुको क्षेत्रलाई सर्भाइस गर्नको निम्ति, यले महत्वपूर्ण काम गर्छ जस्तो लाग्छ मलाई ।

पूर्वाधारको क्षेत्रमा प्रदेश गौरवका सडक एक निर्वाचन एक सडक, रणनीतिक महत्वका सडक, स्थानीय तह जोड्ने सडक र विभिन्न सडकहरुलाई निरन्तरता दिइएको छ । झोलुंगे पुल, सडक पुल, बिजुलीको पोल फेर्ने काम, खानेपानी सिचाई आयोजनाका कार्यक्रमहरुको पूर्वाधारको आधारमा निरन्तर दिने र व्यवस्थित गर्ने काम छ र थप योजनाहरु पनि अगाडि बढाउने कुरा गरेको छ । गण्डकी प्रदेशलाई उज्यालो प्रदेश बनाउने कुरा निरन्तर छ । यो एउटा महत्वपूर्ण, सकारात्मक कुरा छ, सरकार गण्डकी प्रदेश सरकार कहाँ छ ? भन्ने कुरा देखनको निम्ति यसले पर्याप्त काम गर्छ भन्ने मलाई लागेको छ ।

त्यस्तै, सरकारले प्रतिबद्धता जनाएको छ, एउटा अब हामी चार महिना चौमासिक भित्र सम्झौता गरेर ठेक्का लिज गरिसक्छौं भने एकीकृत कार्यविधि बनाउने कुरा गर्याछ । यता कार्यान्वयन हुनुपर्छ । यहाँ लेखनमा त आयो, अब कार्यान्वयन व्यवहारमा हेर्नुपर्ने छ । व्यवहारमा यो कार्यान्वयन हुनुपर्छ । एकीकृत कार्यविधिलाई हामीले कार्यान्वयन गर्‍यौं भने विनि विनियोजित बजेटलाई छिटोछरितो गर्ने कुरा हुन सक्छ । त्यस्तै आयोजना बैंक बनाएर, आयोजनाको पहिचान, प्राधिकरण, छनोट तथा कार्यान्वयन गर्ने कुरा गर्याछ त्यो पनि सकारात्मक छ । व्यवसाय गुमाएकाहरुलाई रोजगारी दिने कुरा गरेको  छ । आर्थिक गतिविधिलाई चलायमान गर्ने कुरा गरेको छ । यी कुराहरु महत्वपूर्ण छन् ।

त्यस्तै आफ्नो आम्दानी बढाउनको निम्ति, आफ्नो श्रोत बढाउनको निम्ति वन क्षेत्रको ढुंगा गिट्टी बालुवालाई नियमन गर्ने, व्यवस्थित गर्ने, क्रसर उद्योगलाई दर्ता गराउने एउटा नियमन गर्ने, सवारी कर, लाइसेन्स दर्ता गर्नुपर्नेलाई कुरालाई लाइसेन्स प्रभावकारी ढंगले कार्यान्वयन गर्ने, पर्यटन क्षेत्रलाई करको दायरामा ल्याउने भन्ने कुरा गरिएको छ, म यसमा थप्न चाहन्छु, हाम्रो प्रदेशमा एक्याप र एमक्याप भन्ने छन् । त्यसबाट हामीहरुले रोयल्टी पाउन सक्या छैनौं, मैले बुझे सम्म । एक्याप र एमक्यापबाट रोयल्टी पाउनुपर्छ प्रदेशले । त्यो पाउने व्यवस्था गर्नुपर्छ । उनको एकलौटी गर्ने, संघको एकलौटी गर्ने कुरा ठिक होइन । प्रदेशले पाउनुपर्छ भन्ने कुरा मेरो जोड छ । त्यस्तै पर्यटकीय क्षेत्रको धार्मिक स्थल, ताल, आदि दर्ता गराउने कुरा गरेको छ । घरजग्गा रजिष्टसन कुरा गरेको छ । यो आम्दानी कुरा, श्रोत बढाउने गर्याछ, यो ठिक छ । यसलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्छ ।

सुशासनको क्षेत्रमा अब हाम्ले शान्तिसुरक्षा, सुशासनको क्षेत्रलाई प्रभावकारी बनाउनुपर्छ भन्ने कुरो अगाडि ल्याएको छ र साउन १ गतेदेखि विशेष भत्ताहरु खारेज गर्ने कुरा गरेको । त्यो सकारात्मक छ । त्यो अहिलेको विशेष परिस्थितिमा यस खालका भत्ताहरु खारेज गर्ने कुरा राम्रा छन् । यी कुरालाई म सकारात्मक रुपमा लिन चाहन्छु।

सभामुख महोदय, खाद्य बैंकको कुरा गर्याथे, अघिल्लो चोटी, मैले पनि कुरा उठ्या थें । खाद्य बैंक आयो कि आएन? त्यो कुरा हुन जरुरी छ । यसमा दुई तीन वटा कुरा म थप्न चाहन्छु । एक, आर्थिक अवस्थाको ढाड भाँचियो, आर्थिक अवस्था कमजोर भनेर बारम्बार भनिएको छ । कहिलेदेखि भाँचियो, आर्थिक अवस्थाको ढाँड ? आर्थिक अवस्था ढाँड कहिलेदेखि भाँचियो ? आज भाँचियो कि हिजोदेखि भाँचियो ? हाम्ले हेर्नुपर्छ लेखाजोखा गर्नुपर्छ । विगतमा खुला बजार अर्थतन्त्र र उदारीकरणको कारण देशको अर्थतन्त्रको ढाड भाँचिएको थियो । सम्पूर्ण उद्योगरु तहसनहस भएका थिए । उद्योगहरु संचालन हुन सकेका थिएनन् । बन्द भए । त्यसले गर्दा धेरै जनाको रोजगारी गुम्यो ।

भृकुटी कागज कारखाना । गोरखकाली रबर उद्योग यसको उदाहरण हो । अब हामीले आत्मनिर्भर स्वाधिन अर्थतन्त्र अथवा समाजवाद उन्मुख अर्थतन्त्रको ध्यान दिनुपर्छ । यो सरकारले यो प्रयास गरिराछ । यस्तै एउटा कुरा के सम्म आछ व्यवस्था बदल्यौ, परिस्थिति बदल्यौं । प्रणाली बदल्यौं, पद्दति बदल्यौं भन्यौ तर हाम्रो मनस्थिति बदलिएको छैन । परिस्थिति बदलिए पनि मनस्थिति बदलिएको छैन परिस्थिति बदलिएसँगै व्यवस्था बदलिएसँगै, पद्दति बदलिएसँगै प्रणाली बदलिएसँगै मनस्थिति बदल्नु पऱ्यो ।

हाम्रा कामकारबाही शैलीहरु बदल्नु पऱ्यो । शैली बदल्नु आवश्यक छ । त्यो शैली बदलिएको छैन । त्यो शैली बदल्नु पऱ्यो । छिटो छरितो फास्ट ट्र्याकका माध्यमबाट काम गर्ने शैली, पहूँचको आधारमा, केरे त्यहाँ भनसुनको आधारमा काम गर्नेतिर होइन, फास्ट ट्र्याकको आधारमा काम गर्ने शैली र परिस्थिति अनुसारको मनस्थिति तयार गर्ने कार्यशैली बनाउनुपर्छ भन्ने मलाई लाग्छ । अर्को अनुगमन कमजोर छ । काम निर्णय गर्ने, कार्ययोजना बनाउने तर अनुगमन प्रभावकारी नहुने छ । अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउनुपर्छ । अनुगमन र मूल्यांकनलाई छिटो छरितो गरेर प्रभावकारी बनाउन सक्यो भने काम भएको—नभएको पहुँचको आधारमा कागज मिलाएर लिने होइन, काम भएको आधारमा लिने ढंगको पारदर्शी ढंगको तरिका अपनाउने हो भने यो ठिक हो जस्तो छ ।

अर्को, सरकार फेरिएसँगै योजनाहरु फेरिने पद्दति छ पहिला । एउटा सरकार आउँछ, एउटा योजना बनाउँछ । अर्को सरकार आउँछ, आर्कै योजना बनाउँछ । दिगो विकासको कुरा भएन विगतमा । एउटा पुलले पाँच वटा मन्त्रीले पाँच पटक उद् शिलान्यास गरेको सुन्यौं । पाँच वटा मन्त्री फेरिए, पाँच वटा मन्त्रीले शिलान्यास गरेको कुरा पनि सुन्यौं । के त पटक पटक मन्त्री फेरिदै शिलान्यास गर्दै योजना फेर्दै गरेको कुरा पनि हामीले सुन्यौं । अब त्यस्तो हुनु हुँदैन । सरकार फेरिएसँगै योजना फेरिने होइन, दिगो विकास, निरन्तर विकास, हाम्ले ध्यान दिनुपर्छ । सुशासन, विकास र

समृद्धिलाई हुने गरी दिगोरुपले हुने गरी हाम्ले योजना बनाउनुपर्छ भन्नेतिर म जोड दिन चाहन्छु ।

मान्छेहरुले भन्ने गर्छन्, विभिन्न ठाउँमा सुन्छौं, सरकारले अभिभावत्व दिन सक्या छैन। सरकारले आफ्नो कामको पर्फमेन्स दिन सक्या छैन । यी कुरा झुठ कुरा हुन् । सरकारले अभिभावत्व दिएकै छ । संघ सरकारले देशभरिको काम प्रभावकारी ढंगले गरेकै छ । प्रदेश सरकारले गण्डकी प्रदेश सरकारले आफ्नो ठाउँमा प्रभावकारी ढंगले काम गर्याछ । उदाहरण भन्छु, क्वारेन्टाइन, कोभिड १९ को मात्रै कुरा गरौं । हिजो एक जना मान्छे बिरामी हुँदाखेरी हङकङमा गएर उपचार गर्नुपर्थ्यो । हिजो किन सरुवा रोग अस्पताल निर्माण भएन ? हिजो यतिका धेरै वर्ष बिते, यतिका धेरै सरकार चले । किन सरुवा रोग सरकारमा भएन ? एउटा टेकु अस्पतालमा हिजो, अहिले यो बीचमा आउँदा खेरी २२ भन्दा बढी ठाउँमा डेडिकेटेड अस्पताल स्थापना गरेर सरकारले यो महामारीको उपचार गर्ने व्यवस्था गरेको छ । अझ त्यो पर्याप्त भा छैन कि भनेर अझ बढी बढाएर प्रभावकारी ढंगले काम गर्न खोजिराछ । यसमा क्वारेन्टाइन गुणस्तरीय हुनुपर्ने, आइसोलेसन प्रभावकारी हुनुपर्ने कुरा हाम्रो सुझाव छँदै छ ।सरकारले आइसोलेसन वार्डको खर्च हाम्ले बेहोर्छौं । गण्डकी प्रदेश सरकारले भनेको मैले सुन्या छु, सरकारले खर्च बेहोर्ने, त्यलाई प्रभावकारी बनाउने । धेरैभन्दा धेरै डेडिकेटेड अस्पतालहरु बनाउने कुरा सकारात्मक रुपमा लिनुपर्‍यो । केही पनि भा छैन, सरकारले केही पनि गर्याछैन ।

एक शब्दमा भन्द्यौ केही पनि भा छैन । त्यति भनेर पुग्दैन । जिम्मेवारी पूरा हुँदैन । नो भनेर मात्रै हुँदैन । यो यो कारणले भएन भन्नुपर्‍यो नि । त्यसकारण मेरो कुरा के छ भने सरकारले सकारात्मक रुपमा काम गर्याछ तर त्यसलाई प्रभावकारी बनाउनुपर्‍यो । अझै पनि प्रभावकारी बनाउनुपर्छ । महामारी फैलिँदैछ । त्यो कामलाई प्रभावकारी बनाउनुपर्छ । र, जनताको जीवनरक्षा कुरालाई महत्व दिएर हामी अगाडि बढ्नुपर्छ। सबभन्दा महत्वपूर्ण जनताको जीवनरक्षा हो । त्यो कुरामा सरकार लागिरहेको छ । अझ सक्रियरुपमा लाग्नेछ भन्ने विश्वासका साथ मेरो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री कृष्णबहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री ओमकला गौतम ।

**माननीय कृष्णबहादुर थापा**

माननीय सभामुख महोदय, आज हामी यो सम्मानित सभामा आर्थिक वर्ष ७७/७८ को राजश्व व्यय र वार्षिक अनुमान माथि छलफल गरिरहेका छौं । र, धेरै सभासद्ज्यूहरुले आफ्नो भनाई राखिसक्नु भएको छ । र, यसैक्रममा म आफ्नो विचार यो सम्मानित सभामा राख्न चाहन्छु ।

सभामुख महोदय, बजेट शब्द फ्रेन्च वर्ड बउजेटबाट आएको, जसको अर्थ अ पुस अथवा अ वालेट नो ट्याक्सेसन विथ आउट रिप्रिजेन्टेसन अवधारणा हो । सन् १७३३ मा बेलायतबाट बजेटको सुरुआत भएको हो । बेलायतका तत्कालीन वित्त मन्त्री रोबोर्ट वालपोलले सर्वप्रथम बजेट प्रस्तुत गरेका थिए । तर नेपालमा भने विसं २००८ सालदेखि बजेट प्रणालीको सुरुआत भएको हो । नेपालमा विसं २००८ माघ २१ गते तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको पालामा तत्कालीन अर्थमन्त्री सुवर्ण शमशेरबाट सर्वप्रथम नेपालमा यो बजेट सुरुआत भएको पाइन्छ र आज हामी यहाँसम्म आइपुग्दा नेपालमा धेरै बजेटका अभ्यासहरु हेरेका छौं । र हाम्रो गण्डकी प्रदेशमा बजेटको सम्बन्धमा मात्रै हामीसँग चार चारवटा किताबहरु यहाँ हामीले पाएका छौं ।

र यो बजेटको बारेमा जब १ गते हाम्रो अर्थमन्त्रीज्यूले यहाँ पेस गर्नुभयो र त्यस पछाडि विभिन्न सभासदहरुका क्रिया प्रतिक्रिया र पत्रिकाका पनि विभिन्न कुराहरु आए । र, पत्रिकाहरुले लेखे, यो बजेट हिलामा छरेको सातु हो । अब यो बजेटको भागबण्डा लाग्दा ३६ सय भन्दा पर्दैन आदि इत्यादि कुराहरु यहाँ आएको छ । तर मेरो विचारमा के लाग्छ भने यो बजेट हिलोमा छरेको सातु होइन । यो बजेट बरु यसरी भन्न सक्छौ । यो हिलोमा रोपिएको कमलको फूल हो । जसले वास्तवमा गण्डकी प्रदेशका सबै जनताहरुलाई यसले राम्रो सुगन्ध दिन्छ । र, यो बजेट त्यो हिलोमा

छरेको सातो होइन, बरु हाम्ले भन्न सक्छौ । यो बजेट त यो बर्खाको बेलामा, यो असारको बेलामा, त्यो रोपिएको धान हो, जसको बाला फुल्ने छ फल्नेछ र योबाट गण्डकी प्रदेशका सबै जनताहरुले फल पाउने छन् । जुन फलबाट हाम्रो प्रदेशबाट कोरोना मुक्त हुन्छ । मलाई लाग्छ, यसरी बुझ्दा राम्रो हुन्छ जस्तो मलाई लाग्छ ।

र, बजेटको उद्देश्य र प्राथमिकतालाई सरसर्ती हेर्दा कोरोना भाइरस रोगको रोकथाम नियन्त्रण आचरण उपचारको प्रभावकारी व्यवस्था गर्नु, संकटग्रस्त अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउनु, अर्थतन्त्रका समग्र क्षेत्रबीच फरबार्ड र ब्याकवार्ड लिंकेज स्थापित गर्नु लगायतका असाध्यै महत्वपूर्ण बजेटका उद्देश्यहरु देख्छन् । देखिन्छ ।

त्यस्तै गरेर बजेटको क्षेत्रगत प्राथमिकतालाई हेर्दा यसले आठ वटा क्षेत्रमा यो बजेटलाई प्राथमिकता तोकिएको छ । स्वास्थ्य क्षेत्रमा सुढृणिकरण जनशक्तिको क्षमता विकास गर्ने, कोरोना महामारीका कारण स्वदेश विदेशमा रोजगारी गुमाएका तथा बेरोजगार नागरिकलाई रोजगारीको अवसर सिर्जना गर्ने लगायतका असाध्यै महत्वपूर्ण आठ वटा यो बजेटका प्राथमिकताहरु तोकिएको छ ।

सभामुख महोदय, त्यस्तै गरेर, बजेटको वित्तीय स्रोतहरुलाई १० वटा यसका स्रोतहरु तोकिएको छ । कर, गैरकर राजश्व रु.४ अर्ब ६० करोड ८५ लाख ६० हजार । २ नम्बरमा संघीय सरकारको अनुदान । ३ नम्बरमा समानीकरण अनुदान रु. ७ अरब ११ करोड लगायत १० वटा यसका वित्तीय स्रोतहरु तोकिएको छ । त्यस्तै गरेर बजेटको कार्यक्रममा विनियोजित १४ वटा क्षेत्रलाई यसले प्राथमिकतामा राखेको छ। जस्तै नम्बर १, कोरोना रोगको रोकथाम, असर, वित्तीयकरण, २. स्वास्थ्य क्षेत्रको सुदृढीकरण । त्यस्तै गरेर ३ नम्बरमा शिक्षा, शिक्षा । ४ नम्बरमा स्वास्थ्य सुरक्षा । ५ नम्बरमा कृषि भूमि व्यवस्था । त्यस्तै गरेर पर्यटन प्रवद्र्धन कार्यक्रम उद्योग तथा आपूर्ति । वन तथा वातावरण । सडक तथा पुल । र, यातायात तथा व्यवस्थापन, भवन तथा आवास सहरी लगायत १४ वटा क्षेत्रमा यो बजेटलाई एक खालको प्राथमिकता तोक तोकिएको हाम्ले यो बजेट पढ्दा हाम्ले थाहा पाउँछौं ।

सभामुख महोदय, त्यस्तै गरेर, बजेटको असाध्यै महत्वपूर्ण पक्षहरु, त्यसका  एकदम सवल पक्षहरु छन् । त्यो पक्षहरुलाई मैले ११ वटा यसका सवल पक्षहरु चुनेको छु । सभामुख महोदय, नम्बर १ मा बजेटको कुल खर्चमध्ये ५७.४ प्रतिशत पुँजीगत खर्च र ४१.२ प्रतिशत चालु खर्च । रहेकोले अर्थशास्त्रको दृष्टिकोणले अर्थशास्त्रीय नियम अनुसार अथवा यसको अवधारणा अनुसार यस्तो बजेटलाई एकदम राम्रो बजेट मान्न सकिन्छ ।

र, २ नम्बरमा सामान्यतया बजेटको आकार र वित्तीय स्रोतको व्यवस्थापन यथार्थपरक रहेको  देखिन्छ । ३ नम्बरमा सबै पक्ष र क्षेत्रलाई सम्बोधन गरेको हुनाले यो बजेट व्यापक र बहुआयामिक  छ । ४ नम्बरमा बजेटले स्वास्थ्य र रोजगारी कृषि पर्यटन तथा साना घरेलु उद्योगको विकासलाई प्राथमिकतामा राखेको छ । ५ नम्बरमा बजेटले संघीय सरकार र स्थानीय तहबीच राम्रो समन्वय  गरेको  देखिन्छ । ६ नम्बरमा यो बजेटले अतिरिक्त भत्ता, खाजा खाना खर्च जोखिम भत्ता खारेज गरी प्रशासनिक खर्चमा मितव्ययिता अपनाएको देखिन्छ । ७ नम्बरमा हाल महामारीको रुपमा देखिएको कोरोना भाइरसको रोकथाम अनुसार असर र न्युनीकरणको लागि पर्याप्त अत्याधिक बजेटको  बजेटको व्यवस्था गरेको देखिन्छ । ८ नम्बरमा यो बजेटले व्यवसाय रक्षा कोषको स्थापना गरी कोरोना महामारीबाट प्रभावित उद्योग व्यवसायलाई पुनरुत्थान गर्न खोजेको छ । ९ नम्बरमा यो बजेटमा कोरोना महामारीले गर्दा देश तथा विदेशमा रोजगारी गुमाएका युवाहरुलाई रोजगारी दिन स्वरोजगार बनाउन, र सिप पुँजी र प्रविधि उपलब्ध गराउनको लागि बजेटले असाध्यै महत्वपूर्ण भूमिका खेलेको छ। १० नम्बरमा यो बजेटले कृषिमा उत्पादकत्व बढाई रोजगारी सिर्जनाको लागि सरकारी, सामूहिक र करार तथा व्यवसायिक खेतीलाई प्रोत्साहन गरेको  छ । भने ११ नम्बरमा बजेटका सबै वर्ग क्षेत्रलाई लक्षित कार्यक्रमको व्यवस्था गरेको छ ।

तसर्थ यो प्रमाणको आधारमा त्यो सबै बजेटको क्षेत्रको प्राथमिकता बजेटका  उद्देश्यहरु, बजेटका सवल पक्षहरु, असाध्यै उपयोगी र गण्डकी प्रदेशको जनताको हितमा भएको हुँदा यो सप्रमाणको आधारमा मैले सगौरव यो सम्मानित सभामा के भन्नुपर्छ भने म र

मेरो पार्टीको तर्फबाट यो बजेटलाई समर्थन गर्न चाहन्छु। र, त्यतिमात्रै हैन, देशको राष्ट्रियता बलियो बनाउने, राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउने, र समाजवादी अर्थतन्त्रमा लक्षित यो बजेट ल्याउने हाम्रो अर्थमन्त्रीज्यू र यसको नेतृत्व गर्नुहुने मुख्यमन्त्रीलाई म आफ्नो तर्फबाट र पार्टीको तर्फबाट धेरैधेरै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, यति भनिरहँदा, स्वभाविक यो बजेटका बारेमा आफ्ना केही सुझावहरु पनि म यहाँ राख्न चाहन्छु र यो सुझावहरु दिइरहँदा सर्वप्रथम अगाडिको रोमा बस्नु हुने हाम्रो अति आदरणीय अति सम्मानित माननीय मन्त्रीज्यूहरुलाई म ३ वटा अनुरोध गर्न चाहन्छु ।

नम्बर १, हाम्ले भनेका शब्द शब्दलाई राम्रोसँग कान खोलेर सुनिदिनुहोला ।

नम्बर २, आफ्नो डायरीमा सभासदले भनेका सुझावहरुलाई राम्रोसँग टिपिदिनुहोला ।

र, नम्बर ३, अर्को पटक फेरि यही बजेटका बारेमा हाम्ले दिएका सुझावहरुलाई दोहोऱ्याउन हाम्ले वाद हामीलाई फेरि दोहोऱ्याएर भनिरहन बाध्य नपारिदिनु हार्दिक अनुरोध गर्दै आफ्ना केही सुझावहरु  राख्न चाहन्छु ।

नम्बर १ सुझावमा, गण्डकी प्रदेशको प्रमुख क्षेत्र पर्यटन क्षेत्र भएको हुँदा यसको प्रर्वद्धन र विकासको लागि अझै बढी बजेटमा व्यवस्था गर्नुपर्ने देखिन्छ । र, नम्बर २ सुझावमा, पुँजीगत बजेट खर्च हुन नसकिरहेको मुलभूत समस्यालाई ठोस रुपमा सम्बोधन गरी बजेटको कार्यान्वयनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

नम्बर ३ सुझावमा, कोरोना महामारीबाट सिर्जना भएको बेरोजगारी समस्यलाई सम्बोधन गर्नका लागि ठोस कार्यक्रमहरु आउनुपर्ने देखिन्छ । र, नम्बर ४ सुझावमा, हाल बजारमा देखिएको बेथिति र मिलेमतोलाई अन्त्य गर्न प्रभावकारी कार्यक्रमहरु आउनुपर्ने देखिन्छ । र, नम्बर ५ मा मानव संशाधन विकासका लागि हाम्ले धेरै भौतिक विकासका कुरा मात्रै उठाइरहेको  देखिन्छ, बजेटमा । त्योभन्दा अझै बढी भनेको मानव संशाधनको विकासलाई हामीले बढी ध्यान दिनुपर्ने हुँदा मानव संशाधन विकासको लागि बजेटमा पर्याप्त व्यवस्था गर्नुपर्ने देखिन्छ ।

सभामुख महोदय, म एउटा मेडिसिनको विद्यार्थीको हैशियतले डब्लुएचओले स्वास्थ्यको परिभाषा के गरेको छ भने, हेल्थ इज अ इस्टेट अफ कम्प्लीट फिजिकल, मेन्टल एण्ड सोसियल वेल विइङ तर आज हामीले हेल्थको बारेमा के भनिराछौ भने केवल फिजिकल्ली कुरालाई मात्रै हाम्ले हेल्थ मानेका छौं । त्यसो भएको हुँदा सोसल र वास्तवमा मेन्टल त्यो विषयलाई पनि हाम्ले बढीभन्दा बढी ध्यान दिन पर्ने भएको हुँदा हाम्रो यो स्वास्थ्यको दायरालाई अझै गण्डकी प्रदेशमा स्वास्थ्य, शिक्षा कार्यक्रमको दायरालाई अझै बढी बढाउनको लागि यो बजेटमा सकिन्छ, हाम्रो ११ वटै जिल्लामा नसके पनि पाइलट प्रोजेक्टको रुपमा यो साल हाम्ले सुरु गरौं । मुस्ताङ र नवलपुरबाट सुरु गरौं । दुइटा जिल्लामा पाइलट प्रोजेक्टको रुपमा हेरौं । र अर्को साल सफल भयो भने फेरि गरौंला । र, प्रत्येक उच्च माविमा, एउटा एउटा स्टाफ नर्स र हेल्थ हेस्कको व्यवस्था गरेर हाम्ले यो स्वास्थ्यको दायरालाई बढाउन उचित हुन्छ भन्ने मलाई लाग्छ । यति सुझाव सहित यो विनियो हाम्रो प्रदेशको बजेट जुन असार १ गते हाम्रो अर्थमन्त्रीज्यूले यहाँ पेस गर्नुभयो, हाम्ले धेरै कुरा सुन्यौ, जान्यौ र पढ्यौ र यसलाई कार्यान्वयन गर्ने जिम्मेवारी हामी सबै सभासदको त्यत्तिकै छ र यो सम्मानित सभामा मलाई यो समय प्रदान गर्ने मेरो गौरवशाली पार्टी नेपाल कम्युनिष्ट पार्टी नेकपा र सभामुखज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै बिदा हुन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु र यसपछि माननीय पियारी थापा ।

**माननीय ओमकला गौतम ।**

माननीय सभामुख महोदय, माननीय अर्थमन्त्रीज्यूद्धारा प्रस्तुत गरिएको आव २०७७/७८ को बजेटको बजेट वक्तव्यको विषयमा यो गरिमामय सभामा आफ्नो धारणा र प्रस्तुत गर्ने अनुमति चाहन्छु । यतिबेला हामी हतियार विनाको कोभिड-१९ नामक कोरोना भाइरस अदृष्य शक्तिसँग जुँधिरहेका छौं र सर्वप्रथम म भाइरसका कारणबाट स्वदेश तथा

विदेशमा ज्यान गुमाउनु हुनुपर्ने सम्पूर्ण व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली एवं उहाँहरु सम्पूर्ण परिवारप्रति हार्दिक समवेदना प्रकट गर्न चाहन्छु । तथा उपचारमा रहनु भएका सम्पूर्ण बिरामीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै जनताका जीवनरक्षार्थ अग्रपंक्तिमा खटिनु भएका स्वास्थ्य कर्मी, सुरक्षाकर्मी संचारकर्मी, स्वास्थ्य सेवाकर्मी साथै सामाजिक अभियन्ताप्रति हार्दिक सम्मान एवं नमन व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, सिद्धान्त र प्राथमिकता सिद्धान्त र प्राथमिकता सुन्दा त नीति तथा कार्यक्रम सुन्दा केही राम्रो पक्ष आउँछ कि जस्तो लागेको थियो तर बजेटले जनतालाई उत्साह थप्न सकेन । निराशा बोकेर आयो, सभामुख महोदय । राणा शासनको अन्त्यपछि प्रजातन्त्र पंचायती शासन जस्ता बहुदलीय प्रजातन्त्र, लोकतन्त्र हुँदै संघीय शासन व्यवस्थामा मुलुक चलिरहेको बेला, बेला नेपालको संविधान २०७२ संघीय गणतान्त्रिक शासन व्यवस्था अन्तर्गत गण्डकी प्रदेश सरकार दुई तिहाइ सरकारबाट मुलुक कोरोना महामारीको संक्रमणले आक्रान्त भएका बेला सरकारबाट प्रस्तुत गरिएको बजेट जनमुखी छैन । यो कपोलकल्पित छ । चालु आवमा बजेट खर्च गर्न नसक्ने सरकारले आकार बढाएर ३४ अर्ब ८४ करोड २१ लाख ६० हजार खर्च गर्छु भन्ने ९० र सय प्रर्सेन्ट खर्च गर्छु भन्ने खर्च नगरी रकम जोगाउँदै जाने अनि अर्को वर्षको बजेट बढाउँदै जाने प्रयास गर्दै जाने विषयमा चिन्ताजनक छ । खेदजनक छ । सभामुख महोदय, सरकार बोलीमात्र रहने, मन्त्रमुग्ध भएर स्वप्रशंसामा रमाउने, निर्णय गर्ने तर लागू नगर्ने, निर्देशन दिने तर कार्यान्वयन नगर्ने बाटोतिर लम्किरहेको छ । बजेटले व्यवसायी, उद्योगी, पर्यटन यातायात लगायतका कुनै राहतको व्यवस्थान गर्ने गरी कर उठाउने कुरामात्र गरिरहने मात्र सरकारले लक्ष्य अनुरुप हुन सक्छ ?

सभामुख महोदय, मैले त्यसलाई प्रश्न गर्न चाहन्छु । त्यसैले लक्ष्य अनुरुप राजश्व संकलन नहुने अहिले नै निश्चित छ । निश्चित छ, दिनपर्ने । लिन नपर्ने । यो राज्य यो राजश्वै असुली नहुने कुरालाई अहिले निश्चित भकोमा हामीले राहत पाउन नसक्ने, अनि करमात्रै लिने कुरा गरेर हुन्छ ? सभामुख महोदय ।

वर्तमान प्राथमिकता र आवश्यकता भनेको कोरोना नियन्त्रण नै हो । यो निकै चुनौतीको विषय हो । जम्मा ६० करोड ४० लाखबाट सम्भव छ ? म सरकारलाई प्रश्न गर्न चाहन्छु, सभामुख महोदय । जसबाट नेपाल, जसबाट कोरोना रोकथाम नियन्त्रण र उपचार गुणस्तरीय क्वारेन्टाइन, कोरोना विशेष अस्पताल, आइसोलेसन सबै जिल्ला अस्पतालमा शैया थप, सघन उपचार कक्ष, पिसिआर परीक्षण, औषधी उपकरण खरिद तथा कोष स्थापना समेत भनिएको छ । यो के सम्भव छ सभामुख महोदय ? काम कुरा एकातिर कुम्लो बोकी ठिमी तिर । जस्तै, हात्ती आयो, हात्ती आयो फुस्सा नेपाली उखान।

सभामुख महोदय, महामारी नियन्त्रणपछि दोस्रो प्राथमिकता कृषि भनिएको थियो । किसानलाई प्रोत्साहन गर्ने । कृषिमा आत्मनिर्भर बनाउने, उत्पादनलाई वृद्धि गर्ने । कृषिमा आधुनिकीकरण व्यव, केरे बजारीकरणको व्यवस्थापन, ग्यारेन्टी उत्साहनजनक रुपमा आउनुपर्थ्यो, सभामुख महोदय, यसलाई पनि मैले सभामुख महोदय, सहुलियत व्याजदरमा कृषि ऋण उपलब्ध गराउने क्रम कार्यक्रम बुँदा नम्बर ६३ ले बोलेको छ। यो राम्रो पक्ष हो । कमसेकम त्यति बोल्यो । तर सहुलियत ब्याजदर भनेको कति पर्सेन्ट हो सभामुख महोदय ? एक पर्सेन्ट, दुई पर्सेन्ट, तीन पर्सेन्ट, खुलाउन पर्दैन ? त्यही पनि जम्मा २ करोड २ लाखबाट एउटा भवन समेत बन्न सक्दैन भने यो बजेट विनियोजन गरेर कतिलाई ऋण उपलब्ध गराउन सकिन्छ अनि बढीमा २ लाख ऋण दिएर पनि एक सय एक जना किसानमात्र लाभान्वित हुन्छन् भने २५ लाख जनसंख्या भएको प्रदेशमा यो बजेट पुग्छ ? सभामुख महोदय । माननीय सभामुख महोदय, बिउलाई समेत विवादमा मुछने निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम किन कोरोनामा जोडेर ल्याइएको ? यसमा के बाध्यात्मक परिस्थिति छ, सभामुख महोदय ?

म सरकारलाई प्रश्न गर्न चाहन्छु यो रकम कोरोना कोषमा सिधै जम्मा गरेर अहिले जनताको जीवन रक्षा गरेको भए हुन्थेन ? नारा नै नाराको दस्तावेज यो स्लोगन हामीले कति वर्ष सम्म घोकेर कण्ठ गर्नुपर्ने हो ? सभामुख महोदय ।

गण्डकी प्रदेश उज्यालो प्रदेश, टुकी बालेर ? एक घर एक धारा, मन्त्रीज्यूसँग खानेपानीको बजेट माग्दा नदिने । मन्त्री महिलाहरुले के डोकोमा गाग्रीमा पानी ल्याएर के धारामा खन्याउने ? एक सहकारी एक उत्पादन एक उद्योगग्राम, गण्डकी प्रदेश सुसभ्य समाज, आलीदेखि थालीसम्म । गोठदेखि ओठसम्म । जुन चालु आवमा कुनै काम गरेको देखिएन सभामुख महोदय ।

सैद्धान्तिक कुरामात्र धेरै विगतका कार्यक्रमहरुको निरन्तरता, निरन्तरता वर्तमान अवस्थामा नबुझेको, वर्तमान अवस्थालाई नबुझेको, संचालनमा नआएका अथवा रहेका आयोजनाहरुको यति भयो, उति भयो भनी पुनः व्याख्या दोहोऱ्याई, तेहेऱ्याई गरी सरकारले खर्च कटौती गर्ने भन्ने आफ्ना कार्यकर्तालाई पोषण गर्ने जस्ता अनावश्यक, अनावश्यक हुन् र बढी समिति, उपसमिति, परिषद्, प्राधिकरण जस्ता विभिन्न खालका कुराहरुलाई निरन्तरता दिने । खर्च कटौतीको उपयुक्त उपाय यही हो ? म प्रश्न गर्न चाहन्छु सभामुख महोदय ।

अहिले महामारीलाई मध्यनजर गर्दै प्रशासनिक गैर उत्पादन क्षेत्रको खर्च कटौती गरी फुजुल खर्च नगरी स्वास्थ्य कृषि पर्यटन तथा रोजगार स्वजरोगार सिर्जना हुने उत्पादनमूलक क्षेत्रको निम्ति बजेट खोई ? बेरोजगार युवालाई रोजगारको ग्यारेन्ट गर्ने बजेट खोई ? यसमा बोलिनु पर्दैन ? प्रष्ट रुपमा आउनुपर्दैन ? सभामुख महोदय। यो दाहिने र देब्रे कोटको गोजीबाट निकालेर दिने जस्तो अबण्डा बजेट यसलाई यसलाई मैले पोके र धोकेको संज्ञा दिएको छु । फेरि पनि आफ्नो स्थान सुनिश्चित गर्न यसले मौका छोपेको छ । सुरक्षित पारेको छ । यो दोहोरिएको छ । यो शीर्षक नछुट्याइकिन नछुट्याइकिन ल्याएको बजेटप्रति मेरो घोर आपत्ति छ, सभामुख महोदय । गत साल पनि सदनमा यस विषयमा व्यापक छलफल भएको थियो । मुख्यमन्त्रीज्यूले रोष्टमबाटै नल्याउने अभिव्यक्ति दिनुभएको थियो । के बोलेको कुरा, कार्यान्वयन गर्नूपर्दैन सभामुख महोदय ? म प्रश्न गर्न चाहन्छु । कि यो कोरोना रोग पार्टीको निम्ति हो । कहिले अतिथि रिसोर्ट त कहिले माउन्ट कैलास रिसोर्टमा गएर पार्टी गर्ने, कि त्यसको लागि छुट्याइएको सभामुख महोदय ?

मैले हिजो बेलुका एउटा युट्यबबाट मुख्यमन्त्रीज्यूको युट्युवबाट एउटा मैले भिडियो हेरेको थिएँ, मैले त्यहाँ, यहाँ चाहि प्रदेशभरिका स्वास्थ्यकर्मीलाई त्यहाँ जम्मा गरेर निर्देशन दिइएको थियो, पास । प्रतिपक्षले यो गरेर त्यो गरेर भनेर दोषमात्र लाउँछन् भनेर एउटा होटल रिसोर्टमा लगेर दिने हो कि एउटा सामाजिक दुरीको पनि ख्याल गरेर सामाजिक दुरीलाई मर्यादा गरेर, स्वास्थ्यकर्मीहरुलाई निर्देशन दिने हो ? उहाँहरुको मनोवल उच्च बनाउने हो । उहाँहरुलाई छिटो परीक्षणको दायरा बढाउने व्यवस्था मिलाउने हो । परीक्षणको दायरा गरेर जनता सामु रिजल्ट देउ भन्ने हो ? आज यो मुलुक आक्रान्त भएको विषयमा सभामुख महोदय, हामीलाई हामीलाई लाज लाग्छ । हाम्रो प्रदेश जति सुन्दर सित संचालन भयो, त्यति हाम्रो गौरव हुने कुरा हो ।

माननीय सभामुख महोदय । बुँदा नम्बर ५३ मा महिलाहरुको विषयमा बोलेको समग्र महिला ज—जसको निम्ति आर्थिक, सामाजिक, राजनीतिक सांस्कृतिक तथा लैंगिक समानताको प्राथमिकताका साथ निरन्तरता भनेर मात्र पुग्छ सभामुख महोदय ? प्राथमिकताका साथ बजेट उल्लेख हुनु पर्दैन ? विगतदेखि हालसम्म कहाँ कहाँ कहिले कति कार्यक्रम गरियो ? कहिले रोजगार प्राप्त गरे ? कतिले आत्मनिर्भर भए ? कति शक्ति सशक्तिकरण भए ? कतिमा समानता आयो ? कति हिंसामुक्त भए ? कागजमात्र समेटिएर हुन्छ सभामुख महोदय? प्रष्टरुपमा आउनुपर्दैन ? काम गर्नुपर्दैन ? म प्रश्न गर्न चाहन्छु सभामुखमार्फत सरकारलाई । डाटाबेसमा खै ? व्यवस्था फेरियो, अवस्था अझै फेरिएन । सकेको छैन । प्रदेशसभामा रहेका महिला सदस्यहरुलाई हेरेर पोखरामा बसेर बजेट बनाएर पुग्छ ? दुरदराजका महिलाहरुको परिस्थिति के छ ? बुझ्नुपर्दैन सभामुख महोदय ?

माननीय सभामुख महोदय, गण्डकी प्रदेश महिलामैत्री प्रदेश, हिंसामुक्त प्रदेश घोषणा गर्न म माग समेत गर्न चाहन्छु । महिलालाई लाग्ने हरेक किसिमका रोगको निःशुल्क उपचार हुनुपर्छ । सर्भाइवल क्यान्सर, ओभरी क्यान्सर, स्तन क्यान्सर जस्ता विविध रोगका बारेमा जनचेतना अभिवृद्धि, निःशुल्क परीक्षण, निशुल्क शल्यक्रिया र अन्य रोगको उपचार जिम्मेवारी समेत सरकारले दिनु पर्दैन ? यस विषयमा मेरो गम्भीर ध्यानाकर्षण

सरकारलाई गराउन चाहन्छु । यो विषयमा सरकारले गम्भीर रुपमा सोचेर आगामी यसै बजेटबाट व्यवस्था गरेर सम्पूर्ण महिलाका रोगलाई निशुल्क उपचार गर्ने व्यवस्था मिलाउन म सरकारसँग म माग गर्न चाहन्छु । बजेटमा यथेष्ट व्यवस्था गरियोस् भन्ने समेत म माग गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, के नवलपुर जिल्लालाई उपेक्षा गरिएको हो ? नवलपुर जिल्लालाई के एउटा भऱ्याङ बनाइएको हो ? कान्छो जिल्ला, नयाँ जिल्ला । भौतिक संरचना छैन । नमुना सदरमुकाम सम्पन्न भनेर २ करोड पुऱ्याइएको छ । के २ करोडले एउटा भौतिक संरचना आफ्नो कार्यालय नभएको जिल्लालाई के २ करोडले पुग्छ ? कि आमाको समूहको भवन बनाउने हो ? कि एउटा क्लबको भवन बनाउने हो? कि एउटा पाटी पौवा बनाउने हो ? सभामुख महोदय । म यसमा प्रश्न गर्न चाहन्छु। के एउटा त्रिवेणीका ती दुईटा वाडलाई उपेक्षा गरिएको छ । अहिलेसम्म बाटोको व्यवस्था गरिएको छैन । आफ्ना प्रदेशबाट आफ्नो प्रदेशमा त गाउँपालिकासम्म आउन त्यहाँका जनताहरु पाका छैनन् ।

त्यो विषयमा यो बजेट बोल्नुपर्छ कि पर्दैन ? आज हामीले एउटा आफ्नो स्वस्थमा आफ्नो प्रदेशको स्वार्थमा भन्सारको निम्ति प्रयोग गर्ने हो सभामुख महोदय ? आज २ करोड सुविधासम्पन्न त्यो पनि अत्याधुनिक भवन भनेको छ , २ करोड । २ करोडले मलाई लाग्छ, सभामुख महोदय, एउटा व्यक्तिको घर बन्न सक्दैन । एउटा क्लबको घर बन्न सक्दैन । किन उपेक्षा गरिएको छ ।

आज नवलपुर जिल्ला सभामुख महोदय, मैले यही भन्न चाहन्छु, ११ गतेमात्रै हाम्रा आदरणीय जम्मा सम्मानिय यस सभामा हाम्रो माननीय मुख्यमन्त्रीज्यूबाट यो गण्डकी प्रदेश कोरोना ग्रिन जोनमा परेको छ । कोरोना मुक्त छ । म एकदमै तयारी गर्दै मैले यहाँ माघको एघारै, बाह्रै बाट तयारी, चैतको सातैबाट मैले चाहि यसलाई तयारी गरेको भन्दै गर्दा आज नवलपुरमा मात्रै सय जना पुगेका छन् । गण्डकी प्रदेशमा कोरोना भाइरसको संक्रमण ३ सय नाघिसकेको छ । आज के ग्रीन जोन हुन सफल भयो ?

कुरामात्रै गरेर हुन्छ ? व्यवस्थापनीय पाटो पाटो मिलाउनु पर्दैन । त्यसैले मलाई समय दिनुभएकोमा माननीय सभामुखलाई हार्दिक आभार प्रकट गर्दै यो जे जसरी कागजमा आए पनि यसका कार्यान्वयन पाटाहरु फितला छन्, यसका कार्यान्वयनका पाटालाई सुचार रुपले सम्पन्न गर्ने यो सरकार सफल भओस् । म सरकारलाई सफलताको शुभकामना समेत दिन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री महेन्द्रबहादुर थकाली ।

**माननीय पियारी थापा** ।

सभामुख महोदय, आज छलफलको निम्ति सभामुखलाई धन्यवाद दिन चाहन्छु र मैले आफ्नो छलफललाई अगाडि बढाउने अनुमति चाहन्छु । यो कोरोना महामारीको संघारमा यो विषम परिस्थितिमा यो सरकारले ल्याएको यो बजेटलाई हार्दिक सफलताको कामना गर्दै यसको सफलताको शुभकामना पनि व्यक्त गर्न चाहन्छु । मैले यो २ वर्ष बजेटको अनुभूति गर्दा खेरी, मैले यो बजेटमा छलफल गरिरहँदा खेरी मेरो अनुभूति यहाँनेर राख्ने अनुमति चाहन्छु ।

सभामुख महोदय, मैले यो २ वर्ष मैले यो बजेटमा छलफल गरिरहँदा मलाई के अनुभति भइरहेको छ भने जनताहरु हात बाँधेर हात बाँधेर भोको पेटले रसस्वादन गर्नका निमित्त र यो रसीले बाँधेर धागोको बाँधेर राखेको सुन्तला मिठाई जुन सुन्तला मिठाइ हो, त्यसको रसस्वादन गर्नका निमित्त जनताहरु अगाडि बढिरहेका छन् । हात बाँधेर जनताहरुले त्यसको रसस्वादन गर्न खोजिरहेका छन् । त्यो रसस्वादन गर्न कतिले पाए, तर कतिले पाएनन् । यो पाउनेको पनि त्यो भोक प्यास मेटिएन । नपाउने नपाउनै भए। त्यसकारण गर्दाखेरी मैले यो बजेटलाई त्यो सुन्तला मिठाईसँग जोड्न चाहेको छु।

सभामुख महोदय, यो बजेट त्यो सुन्तला मिठाइ जस्तै राम्रो छ । सुन्तला मिठाइ पनि मिठाइ हो नि हेर्दा खेरी मिठो छ तर सबैको पेट भरिदैन । र, सबैले पाउन पनि

पाउँदैनन् र सबैसँग पहुँच पनि पुग्दैन । त्यसकारणले गर्दा यो बजेट पनि मैले त्यही रुपमा अनुभूति गरेकी छु ।

सभामुख महोदय, समग्र बजेटको अधिवेशन गर्दा बजेट समन्वयायिक रुपमा आउन सकेको छैन । यसको मुल जड भनेको योजना छनोटसम्बन्धी अदुरदर्शिता र हेलचक्राईंपन हो । योजना छनोट गर्ने सम्बन्धमा प्रत्येक स्थानीय तहहरुसँग बिना कुनै छलफल, कुनै समन्वयिक योजना ल्याउँदा, योजना कसरी समन्वयायिक बन्न सक्छ ? र त्यसबाट विनियोजन गरेको बजेट कसरी समन्वयायिक हुन सक्छ ?

सभामुख महोदय, त्यसकारण यो बजेट समग्र प्रदेशवासीले आत्मसाथ गर्न सक्ने खालको बन्न सकेको छैन । महामारीलाई नियन्त्रण गर्ने र यसको उपचारका निमित्त विन्यास गरेको बजेट खर्चको हिसाबले हेर्ने हो भने अपर्याप्त छ । कोरोनापछिको प्रदेशवासीहरुको भविष्य र यसको संक्रमण अवधिभर सम्पूर्ण मजदुर वर्ग, किसान वर्ग, विद्यार्थी, साना व्यवसायी र उद्योग व्यवसायीहरुको व्यवस्थापन र उनीहरुको जीवन रक्षा गर्न छुट्टाइएको बजेट सम्भव छैन । सामान्य प्राथमिक उपचार बाहेक विशेष उपचार गर्न सक्षम हुने बजेट नै छैन । स्थानीय जिल्लाहरुलाई ५, १० लाख बाहेक प्रदेश सरकारले हालसम्म आफ्नो स्रोत परिचालन गर्न सकेको छैन । त्यसकारण श्रोत परिचालन गरी अपनत्व लिने काम कार्यमा अगाडि बढ्नका निमित्त सरकारलाई र सम्बन्धित मन्त्रीज्यूलाई मैले अनुरोध गर्न चाहन्छु ।

बुँदा नम्बर २९ लाई कोरोनासँग जोडेर ल्याइएको छ । यो हिसाबले त अब स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सरेको अनुभूति भएको छ । स्वास्थ्य मन्त्रीहरुले स्वास्थ्य मन्त्रालयले जिम्मेवारी लिएर पिपिए र मास्क बाँड्नुपर्ने अवस्था आएको हो । के यो विषयमा बजेट कार्यान्वयन गर्ने विषयमा स्वास्थ्य मन्त्रालय असक्षम भएको हो ? स्थानीय स्तरको वडा वडामा सरकारको उपस्थित भएको सन्दर्भमा सांसदहरुलाई विकासको विकासमा पुच्छर झुण्ड्याउने कार्य गर्नु उपयुक्त हैन । यो कार्य बन्द गरिनुपर्छ साथै उक्त रकम महामारी कोषमा प्रदेशवासीहरुको जीवनरक्षा गर्ने कार्यमा खर्च गरिनुपर्छ ।

सो सम्बन्धी खर्च एकद्धार प्रणालीबाट गरिनुपर्छ । एकद्धार प्रणालीबाट गर्दाखेरी खर्च मितव्ययिता र पारदर्शिता हुन्छ । मैले सुझाव दिन चाहन्छु ।

सभामुख महोदय, उद्योग संचालन सम्बन्धी र रोजगारी सिर्जना सम्बन्धी सरकारले उपयुक्त कार्यक्रम ल्याउन सकेको छैन । रोजगारीको सिर्जना अहिलेको बेरोजगारी बेरोजगारीदर घटाउनका लागि उद्योगको स्थापना, सरकारको महत्वपूर्ण कार्य हो । यसका लागि जम्मा ११ करोड बजेट विन्यास भएको छ ।

सभामुख महोदय, यसले कति जनाको रोजगारीको सिर्जना हुने हो ? र, कतिवटा उद्योगहरु खोलेर प्रदेशभित्र कतिवटा उद्योग खोलेर र कति जनालाई रोजगारीको सिर्जना गरिने हो मैले स्पष्ट हुन चाहन्छु, सभामुख महोदय । मन्त्रीज्यूले मलाई स्पष्ट पार्नका निमित्त अनुरोध गर्न चाहन्छु ।

कृषिमा छुट्टाइएको बजेट आयात प्रतिष्ठान र निर्यायदर वृद्धि गर्ने भन्दा पनि परम्परागत र जीवन निर्वाहमुखी खेतीप्रणालीको लागि बजेट विन्यास भएको छ । कृषकहरुलाई व्यावसायिकरण व्यावसायिकरणमा जाने र खाद्यमा आत्मनिर्भर बन्ने सवालमा जुन बजेट छ, यो निर्वाहमुखी छ । मुख्य समस्या भूमिहीन कृषक र सुकुमबासीहरुको भूमिमा स्वमित्वहीन हुने हो । यो बजेटमा भूमि दिलाउने विषयमा बजेट विन्यासै भएको छैन । त्यसकारणले यसतर्फ पनि प्रदेश सरकारको ध्यान जानुपर्थ्यो कि पर्दैन ? मैले यो प्रश्न गर्न चाहन्छु ।

सभामुख महोदय,  युवा तथा महिलाहरुको उद्यमशीलतामा क्रियाशील बन्नका लागि आर्थिक प्याकेजको आवश्यकता  छ । सुलभ ऋणको आवश्यकता छ । यो सम्बन्धी पनि बजेट विन्यास भएको छैन । खाली बजेटमा के भनिएको छ भने सिपमूलक तालिम प्रदान गरिनेछ । प्रत्येक वर्षमा सिपमूलक तालिम प्रदान गर्ने भनेर भनेर त्यो अमूर्त खालको बजेट ल्याइएको छ । त्यो बजेटले त्यो वर्षमा गत वर्षमा कति जनालाई सिपमूलक तालिम प्रदान गरियो ? र, कतिजनाले त्यहाँबाट लाभान्वित भए ? त्यसको तथ्यांक हुनुपर्छ कि पर्दैन, सभामुख महोदय ?

त्यसकारण त्यसको तथ्यांक संकलन गरी पूर्ण हामीले कति जनालाई सिपमूलक तालिम दिन सक्यो ? त्यो सिपमूलक तालिम दिएको ती व्यक्तिहरुलाई त्यो वर्ष आर्थिक प्याकेज छुट्टाएर फेरि अहिले आर्थिकरुपमा रोजगारी सिर्जना हुनका लागि बजेट छुटयाउनुपर्ने हो कि होइन ? त्यसकारणले यो तर्फ पनि ध्यान दिनका लागि निमित्त मैले प्रदेश सरकारलाई आह्वान गर्न चाहन्छु ।

दिन उजेली, सुति बिताई, रात उजेली विस्कुन सुकाइ । यो बजेट खर्च गर्ने, यो बजेट कार्यान्वयन गर्ने सवालमा यो प्रश्न अहिलेसम्म पनि यथावत रुपमा छ । यो प्रश्नबाट उन्मुक्ति हुन प्रदेश सरकार पनि सकेको छैन । यो समय छँदै केही काम नगर्ने, सुतेर बस्ने । यो दश दश महिनासम्म केही काम नगर्ने । दश दश महिनाको अवधिमा जुन बैशाखमा २८ देखि ३० प्रतिशत बजेट खर्च भएको भने र जुन सरकारको आएको थियो, अब यो असार मसान्तसम्म ६० देखि ६८ प्रतिशत बजेट कसरी खर्च हुन्छ ? त्यो रातारात के चमत्कार हुन्छ ? र त्यो बजेट कसरी हुन्छ र ? त्यसको उत्तर दिनुपर्छ । यदि त्यो खर्च गर्न सकिएन, यो बजेट खर्च गर्न सकिएन भने किनकि के कारणले खर्च गर्न सकिएन ? यदि खर्च गर्न नसक्ने हो भने सम्बन्धित सम्पूर्णलाई कारबाही गर्न सक्ने कानुन ल्याएको खै ? यसप्रकारको कारबाही गर्ने कानुन ल्याउनुपर्छ ।

यो स्रोत व्यवस्थापन व्यवस्थापनको सन्दर्भमा प्रदेशको आन्तरिक स्रोत छैन । प्रदेश सरकारको खर्चको लागि केन्द्र सरकारको मुख ताकेर बस्नु परेको छ । बजेट बक्तव्यमै भनिएको छ । यो बजेटको लागि ९ अरबको न्युन हुन गएको छ । त्यसको लागि गत सालमा खर्च हुन नसकेको बजेट आन्तरिक ऋण र केन्द्र सरकारबाट ऋण ऋण लिएर त्यसको पूर्ति गरिनेछ भनिएको छ । मलाई लाग्छ, यो ऋण काढीकाढी घिउ कहिलेसम्म खाने ? यो ऋण काढीकाढी घिउ खाएर जिउ बनाएको के काम ?

भोलि त्यो ऋण तिर्नका लागि कसले तिर्दिन्छ ? त्यसकारणले गर्दाखेरी यस्ता कुरामा पनि हेक्का राख्नका निमित्त पनि मैले प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । र, यो दशत्तर बहत्तरको शुल्क उठाउने सन्दर्भमा जुन कुरा भएको छ, यो त्यसको लागि

अहिलेसम्म स्थानीय सरकारले त्यो दशत्तर बहत्तर शुल्क उठाइरहेको अवस्थामा अहिले प्रदेश सरकारले एक्कासि त्यो दहत्तर बहत्तर शुल्क उठाउने कुरा गरिरहँदाखेरी त्यहाँ द्धन्द्ध हुन्छ कि हुँदैन ? स्रोतवासीको द्धन्द्ध हुन्छ कि हुँदैन ? त्यस व्यवस्थापनका लागि के काम भइरहेको छ ? त्यस त्यस त्यतातिर पनि सरकारलाई ध्यान दिनका निमित्त र यो कर उठाउनका लागि यी सामान्य कार्यविधि बनाएर सम्भव छैन  र कार्यविधि बनाएर उठाउन सकिने अवस्था छैन । यसको निमित्त यो कानुन बनाउनको निमित्त पनि मैले सरकारलाई अनुरोध गर्दै मेरो भनाइहरु यही अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री महेन्द्रबहादुर थकालीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री विनोद केसी ।

**माननीय महेन्द्रबहादुर थकाली ।**

माननीय सभामुख ज्यू, विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ कोरोना रोगको संक्रमणबाट मृत्यु हुनु भएका स्वेदश तथा विदेशमा रहनु हुने नेपाली दिदी बहिनी दाजुभाइहरुलाई हार्दिक श्रद्धाञ्जली साथै संक्रमित भई उपचारको क्रममा रहनु भएकाहरुलाई शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ ज्यूबाट २०७७ साल असार १ गते प्रदेश प्रदेश सभाको बैठकमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष ७७, ७८ को बजेट वक्तव्य माथि आज हामी छलफलमा सहभागी भएका छौं । साथै, सहभागी भई आफ्नो धारणा राख्ने अवसर प्रदान गर्नुभएकोमा माननीय सभामुखज्यू लाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान नेपाल सरकार र गण्डकी प्रदेश सरकारको कानुन पञ्चवर्षीय योजना, दिगो विकासको लक्ष्य मध्यकालीन खर्च संरचना, प्रदेश सरकारको नीति तथा कार्यक्रम र विनियोजन विधेयक २०७७, ७७ का सिद्धान्त र प्राथमिकता माथिको जगमा टेकेर यो

बजेट आएको छ । सर्वप्रथम माननीय आर्थिक मामिला तथा योजना मन्त्री मार्फत प्रदेश सरकारलाई धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, कोभिड १९ कोरोना भाइरस महामारीको यो विषम परिस्थितिलाई मध्यनजर गरी सर्वप्रथम मानवको जीवन रक्षा गर्न गर्नु राज्यको प्रमुख दायित्व हो भन्ने संर संरचना भई हामी जनप्रतिनिधिहरु र ३ करोड नेपालीहरुको पनि त्यत्तिकै जिम्मेवारी हो । यही कुरालाई आत्मसात गरी यसबाट पार लगाउनु गण्डकी प्रदेश सरकारले आफ्नो बजेटमा कोभिड १९ को रोकथाम, नियन्त्रण तथा उपचारलाई प्रभावकारी बनाउन गुणस्तरीय क्वारेन्टाइनको निर्माण र संचालन, संक्रमितको उपचारका लागि विशेष अस्पताल र आइसोलेसन रुमको स्थापना र संचालन सबै जिल्ला अस्पतालहरुमा शैया थप गरी सघन उपचार कक्ष स्थापना, पिसिआर परीक्षण, औषधी उपकरण खरिद तथा कोष स्थापनाका लागि रु. ६० करोड ४० लाख विनियोजन गरेको छ ।

गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सर्वसुलभ र समान पहुँच सुनिश्चित गर्न संक्रार संक्रामक तथा सरुवा रोग अस्पतालको स्थापना र संचालन गर्न रु. ५ करोडका बजेट पनि व्यवस्था गरेको छ भने मुटु, मिर्गौला, क्यान्सर र मातृ तथा बालरोग सम्बन्धी विशिष्टीकृत अस्पताल, महिला तथा नवजात शिशुको उद्धार गरी सुविधा सम्पन्न अस्पताल ल्याउन एयर लिफ्टिङ होस् वा अपांग असहाय र अशक्त गर्भवती सुत्केरी, ज्येष्ठ नागरिक र विपन्न वर्गको उपचारका लागि गर्दै आएको सुविधा क्यान्सर, मुटु, मिर्गौला, सिकल सेल, एनिमिया, स्पाइरल इन्जुरी, पार्किन्सन, अल्जाइमर्स र हेड इन्जुरी जस्ता रोगहरुबाट पीडित अति गरिब, बिरामीलाई उपचारको लागि आर्थिक सहयोग गर्ने कार्यलाई समेत निरन्तरता दिइएको छ ।

सभामुख महोदय, उत्पादन र उत्पादकत्व वृद्धिलाई वृद्धिको लागि कृषिलाई यान्त्रिकरण, आधुनिकरण, व्यावसायिक र कार्यक्रम, प्रवद्र्धन गर्न र पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि गरी मुख्य मुख्य उत्पादनमा आत्मनिर्भर हुन उन्नत जात, नस्ल प्रविधिको प्रयोगलाई बिस्तार गरी एक पालिका, एक उत्पादन कार्यक्रमलाई प्रभावकारी बनाउन विभिन्न बाली,

पशुपंक्षी तथा मस्त्य पालनको पकेट क्षेत्र स्थापना र बिस्तार गर्न निरन्तरता दिइएको छ।

स्याउ उत्पादनमा आत्मनिर्भर हुन मनाङ मुस्ताङ र गोरखाको धार्चे र चुननुब्री जस्ता उच्च घनत्वको स्याउ खेती र प्रवि प्रविधि र स्याउ नर्सरीलाई पनि निरन्तरता दिइएको छ । मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँ कार्यक्रमलाई निरन्तरता दिदै सबै स्थानीय तहमा बिस्तार गर्न बजेट छुट्टाइएको छ । साथै कृषि उपज तथा पशुपंक्षी जन्य उत्पादनको बजारीकरण तर्फ सहजी र व्यवस्थित गर्न प्रशोधन केन्द्र शित भण्डार, चिस्यान केन्द्र, पशु बथस्थल स्थापना र संचालन गर्न बजेटको व्यवस्था गरिएको छ । साथसाथै कृषि उपज, बन, उद्यमशीलताको अभिवृद्धि गर्न नेपाल सरकारको सहकार्यमा बाली तथा पशुपंक्षी विमा कार्यक्रमलाई निरन्तरता र सहुलियत ब्याजदरमा कृषि ऋण उपलब्ध गराउन रु. २ करोड २ लाख बजेट विनियोजन गरिएको छ ।

सभामुख महोदय, नागरिकका आधारभूत आवश्यकता शिक्षा पनि हो । शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यावसायिक र सिपमूलक रोजगारमूलक एवं जनमुखी बनाउँदै जनमुखी बनाउँदै एवं प्रतिस् प्रतिस्पर्धी एवं नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार पार्नु आजको आवश्यकता हो ।

यही अनुरुप प्रदेश सरकारले शिक्षामा गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको पूर्वाधार विकास र संचालन यही विश्वविद्यालय अन्तर्गत सूचना प्रविधि विषय र शिक्षण अस्पताल स्थापना गरी चिकित्सा विज्ञान विषयको अध्ययन अध्यापन कार्य गर्न रु. ४२ करोड ७५ लाख विनियोजन गरेको छ । आदर्श विद्यालय र नमुना आदर्श विद्यालय, विद्यालयको रुपमा विकास गर्न सामुदायिक विद्यालयबाट छनोट भएका विद्यार्थीलाई निरन्तरता दिइएको छ ।

उच्च प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्तिमा छनोट भएका दलित, अल्प संख्यक तथा गरिब विद्यार्थीलाई सहयोग गर्न उच्च शिक्षा प्रोत्साहन तथा छात्रवृत्ति कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ । र शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि गर्ने प्रविधिमैत्री

शैक्षिक कार्यक्रमलाई निरन्तरता दिन, शैक्षिक तालिम केन्द्रलाई बजेटको व्यवस्था गरेको छु ।

सभामुख महोदय, कोभिड १९ कोरोना भाइरसको महामारीको प्रत्यक्ष स्वास्थ्य क्षेत्रमा असर परेको भने अप्रत्यक्षरुपमा पर्यटन उद्योगलाई पनि गम्भीर असर परेको छ । पर्यटनसँग सम्बन्धित सबै व्यवसायहरु ठप्प छन् । अझै कोरोनाको कहर कति समयसम्म रहने हो यसको कुनै टुंगो छैन । त्यसैले पर्यटन व्यवसायीहरुको समस्याको समाधानका लागि व्यवसाय पुनर्जीवन कोषमार्फत सम्बोधन गर्ने व्यवस्था मिलाएको छ । तर यसमा मेरो मैले भन्नुपर्ने सानो सानो अनुरोध गर्न के चाहन्छु भने तर यसमा बजेट विनियोजन भएको भए राम्रो हुने थियो कि ? यसमा बजेट विनियोजन भा छैन । यसले गर्दा अलिकति अपुष्ट भा छ । अलिकति राम्रो हुन्थ्यो भन्ने कुरा म यहाँलाई अनुरोध गर्न चाहन्छु । साथै प्रदेशको पर्यटन नीति र गुरुयोजना निर्माण गर्न तथा पर्यटकीय गन्तव्य, पदमार्गको होमस्टे लगायत पर्यटकीय क्षेत्रको पूर्वाधार विकास निरन्तरता र विपत परेका पर्यटकलाई उद्धार गर्न र पर्यटन सूचना प्रणालीलाई विकास गर्न आवश्यक व्यवस्था गरिएको छ । मुस्ताङको लोमान्थाङ र गोरखाको गोरखा दरबारलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न र पर्यटन प्रवद्र्धन विकासका लागि बजेट विनियोजन गरेको छ ।

सभामुख महोदय, औद्योगिक विकासको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र आयआर्जन तथा रोजगारीको अवसर सिर्जना गर्ने कार्यक्रम अनुरुप नेपाल सरकार र स्थानीय तहको सहकार्यमा एक स्थानीय तह एक उद्योगग्राम स्थापना गर्न रु.५ करोड ९५ लाख विनियोजन गरिएको छ । प्रदेशमा विज्ञान तथा प्रविधिको अध्ययन र विकासका लागि विज्ञान तथा प्रविधि प्रतिष्ठान र संचालन प्रयोगशालाको स्थापना र उपकरण खरिद तथा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई अनुसन्धान प्रक्रियाका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

सभामुख महोदय, प्रदेशको लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडकलाई निरन्तरता दिइएको छ। एक निर्वाचन क्षेत्र, एक सडक कार्यक्रमलाई निरन्तरता दिई

आवश्यक बजेटको व्यवस्था गरिएको छ । प्रादेशिक लोकमार्ग, अन्य सडकमध्ये १ सय ४४ पुल निर्माण, पुल निर्माण सम्पन्न गर्ने र नयाँ ६३ वटा पुल अध्ययन गरी सुरु गर्न रु. १ अबर २५ करोड ६२ लाख बजेट विनियोजन गरेको छ । सडक सडकपुल झोलुङ्गे पुल, खानेपानी, भवन जस्ता सहरी विकास ऊर्जा र सिचाइ सम्बन्धी आयोजनाहरुलाई बजेट विनियोजन गरेको छ ।

पोखरामा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र स्थापना गर्ने, प्रदेशको मुख्य प्रशासन केन्द्र प्रदेश सभा र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान केन्द्रको भवन निर्माण र दलित विपन्न लोपोन्मुख र अति सिमान्तकृत जति जाति तथा समुदायका लागि सुरक्षित आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रमलाई निरन्तरता दिई बजेट विनियोजन गरेको छ । आधारभूत खानेपानी तथा एक घर एक धारा खानेपानी कार्यक्रमलाई निरन्तरता दिइएको छ । जिल्ला अस्पताल र प्राविधिक स्वास्थ्य केन्द्रमा पनि खानेपानी सेवा प्रदान गर्ने योजना योजना अनुरुप बजेट छुट्टाइएको छ ।

सभामुख महोदय, क्रमागत सिचाइ योजनाहरुलाई निरन्तरता दिई क्रमागत ३ सय २३ योजनामध्ये एक सय योजना आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन गरेको छ । नदी नाला, खोलामा तटबन्ध गरी नदी नियन्त्रण गर्ने कार्यलाई निरन्तरता दिइएको छ । विभिन्न कार्यक्रमको लागि चक्लाबन्दी गरेको जग्गा र कृषि र पर्यटन लक्षित कार्यक्रममा संचालन गरेर बजेट पेस गरेको छ ।

अन्त्यमा, सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही, सहभागितामूलक र नागरिकमैत्री बनाउन तथा विधिको शासन सुधारमुक्त र चुस्त प्रशासन, आर्थिक सुशासन तथा सार्वजनिक कार्य र सार्वजनिक सोचको बेवास्ता गरी भ्रष्टाचार गर्दिनँ र भ्रष्टाचार गर्न दिन्नँ भन्न नारामा अहिलेमात्र हैन, यो भन्दा अगाडिको नीति तथा कार्यक्रममा पनि मैले यो कुरा राखेथें । फेरि म यसलाई दोहोऱ्याएर भन्न चाहन्छु । किनभन्दा खेरी सुशासन बिना कुनै विकास निर्माण सम्पन्न हुन सक्दैन । त्यसले गर्दाखेरि सबभन्दा पहिले हामी सुशासनको निम्ति प्रतिबद्धता हुनु पऱ्यो । हामीले गर्नुपर्ने उत्तरदायित्व बहन

गर्नुपर्ने सरकारको तर्फबाट तथा हाम्रो आफ्नो  माननीय र माननीय साथीहरुबाट पनि कर्मचारी मित्रबन्धुहरुबाट पनि आत्मसाथ गरेर अघि बढ्नुपर्छ भन्ने कुरालाई  अनुरोध गर्दै हाम्रो यस आजको यो आर्थिक वर्ष ७८, ७७/७८ को बजेट वक्तव्यका आज विषयमाथि छलफल गरिएको थियो, यसमा मेरो आफ्नो भनाइमा पूर्ण मेरो आफ्नो समर्थन जनाउँदै मेरो र मेरो आफ्नो दलको पूर्ण समर्थन समर्थन जनाउँदै म यहाँबाट बिदा लिन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री विनोद के.सी.लाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री प्रकाशचन्द्र दवाडी ।

**माननीय विनोद केसी**

माननीय सभामुख महोदय, हामी आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यमा यो गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका मन्त्री किरण गुरुङले ल्याउनु भएको यो बजेटमा छलफल गर्दैछौ । र, यो छलफल गर्नुभन्दा पहिलो मैले थोरै विशेषतगरी यो जे जति  यो परिवर्तनहरुमा, सबै कुरामा आफ्ना परिवर्तनलाई सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति, घाइतेहरुप्रति, अपांगहरुप्रति र सम्पूर्ण यो परिवर्तनकामी आन्दोलनमा साथ रहनुहुने सम्पूर्णमा स्मरण गर्दै विशेषत गरी उहाँहरुलाई सम्झना व्यक्त गर्दै यो आन्दोलनलाई यो व्यवस्थालाई यहाँलाई सम्म पुऱ्याउनु हुने नेतृत्वप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । र, विशेषत गरी यो अहिले पछिल्लो चोटी हाम्रो नेपाल सरकारले जुन नेपालको नक्सा बनाउन जुन नेकपा कम्युनिष्ट पार्टीको नेतृत्वमा सम्पूर्ण नेपालका ८३ राजनीतिक दलहरु एकमतका साथ यो हाम्रो भूमिलाई एकताबद्ध गर्न हाम्रो भूमि राष्ट्रियताको प्रतीक एकता प्राप्त गर्न जुन एकमतका साथ सम्पूर्ण राजनीतिक शक्तिहरु एकसाथ हुनु भो ।

यहाँहरुलाई पनि जुन नक्सा पास गर्नु भो, यहाँहरुलाई म यही सदन मार्फत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । सद्भाव व्यक्त गर्न चाहन्छु । र यो भूमि नै हाम्रो पक्षमा

आउने नै छ भन्ने पनि विश्वास व्यक्त गर्न चाहन्छु । र, विशेषतगरी यो बजेट आउनुभन्दा पहिला मैले थोरै यो म्याग्दी जिल्लामा दुई हजार २८ गते मंगलबार राति बाढीबाट बाढी आई २ जनाको सहादत भएको छ । सोलाई दुःख व्यक्त गर्दै प्रदेश सरकारले उहाँहरुलाई राहत अथवा क्षतिपूर्तिको व्यवस्था गरोस् भन्ने पनि म अनुरोध गर्न चाहें । र विशेषतगरी यो बजेटको विषयमा छलफल गर्दै गर्दा यहाँ आउँदै गर्दा, यो बजेटमा धेरै मेहनतका साथ धेरै अध्ययनका साथ यो बस्तुनिष्ठ भएर यो बजेट आएको छ भन्ने पनि मैले अनुभव गरेको छु र महसुस गरेको छु ।

किनभने अहिले बदलिदो परिस्थितिमा, अफ्ठ्यारो परिस्थितिमा यो बजेट आएको छ । माननीय आर्थिक मामिला मन्त्रीज्यूले यो भनिसक्नु भएको छ, यो असहज परिस्थितिको बजेट भनेर पनि र मैले यो बजेटलाई तुलना गर्ने क्रममा मैले म अ आफैलाई विगतमा तुलनामा गरेजस्तो विगतमा हामी सानो सानो हुँदा दसैं आउथ्यो । दशैंमा हामी बाबुआमालाई भन्दथ्यो, नयाँ कपडा किन्ने राम्रो खानेकुरा खाने भन्ने अपेक्षा हामी गर्दथ्यो। र यसो बाबुआमाको अनुहार मलिनो मलिनो जस्तो हुन्थ्यो । तैपनि हामीले त्यो महसुस गर्ने थिएनौ, आज हामीले एउटा बाबु पनि बनिसकेको र एउटा जिम्मेवार नागरिक बनिसकेको छु र मैले कल्पना गर्छु, हिजो मेरो बाबु किन मलिनो अनुहार लगाउनुभयो, दसैको बेलामा अथवा मैले चाहेको राम्रो राम्रो खानेकुरा, अथवा राम्रो राम्रो खानेकुरा किन किन्न किनिदिन सक्नु भएन ? भन्ने कुराहरु मैले अहिले अनुभव गर्दैछु । किनभने त्यो पीडा बाबु हुनुको पीडा र आफ्नो आर्थिक अवस्थाले पूर्णता नभएको पीडा र आफ्नो सन्तानलाई परिपूर्ति गर्नुपर्ने कुराहरु र त्यो पूरा अहिले महसुस गरिराखेको छु।

सायद मलाई प्रदेश सरकार अथवा हाम्रो सरकार पनि त्यहीं पीडाबाट अगाडि बढेको छ। त्यही परिस्थितिबाट बजेट ल्याएको छ र हामी सबैको एउटा दृष्टिकोण सबैको इच्छा, सबैको चाहना नपुगे पनि आफ्नो क्षमता अनुसारको बजेट आएको छ भन्ने मैले विश्वास व्यक्त गरेको छु । र, यो बजेटमा बजेटमा विशेषत गरी हिजो हाम्रो प्रदेश सरकारले प्राथमिकता गरेको पहिलो पर्यटन, दोस्रो जलविद्युत तेस्रो कृषि गरी आफ्नो

एउटा विगतका वर्षहरुमा यो बजेटलाई प्राथमिकता गरेको थियो । र अहिले यो विशेषगरी यो परिस्थिति बदलियो । स्थिति बदलियो । र, हामी सम्पूर्णलाई एउटा हामी बद्लेको परिस्थितिमा बजेट ल्याउँदै गर्दा अहिलेको यो पहिलो प्राथमिकता स्वास्थ्य अर्थात् कोभिड-१९ नाइन्टिनलाई प्राथमिकता दिने गरी देशमा परेका असर परिस्थितिलाई ध्यान दिने गरी र विशेषतगरी कृषिलाई ध्यान दिने गरी आएको छ । त्यसो गर्दैगर्दा हिजोको क्षेत्रमा हाम्रो पर्यटनलाई प्राथमिकता छोड्यो भने अथवा यो विकासलाई पूर्वाधारको क्षेत्रहरु धेरै आवश्यकता थियो । पूर्वाधारको क्षेत्रमा छोड्यो भन्ने होइन, पहिलो कुरा जनता बाँच्ने कुरा, जनता स्वस्थ हुने कुरा र जनता बाँचेर अन्य काम गर्ने पहिलो कुरा हो ।

त्यसलाई मध्यनजर गर्दै त्यही अनुकुलको बजेट आएको छ भन्ने भन्ने मलाई लाग्छ । यो बजेट वास्तवमा धेरै मेहनतका साथ धेरै सोचेर आएको मैले महसुस गरेको छु । यस्तै, सबै क्षेत्रमा छुने काम सबै क्षेत्र सम्झिने काम गरेको छ । सम्झिएर पुग्ने अवस्था त छैन तथापि यहाँ धेरै विषयहरुलाई सम्झिने र यसलाई परिपूर्त गर्ने पर्यत्न गरेको छ। मैले यसमा मैले धेरै कुरा भन्न चाहिनँ । विशेषतगरी यो प्रदेश मेरो व्यक्तिगत भन्नुपर्दा, यी बजेटमा आएका कुराहरु हामी सबैले धेरै पटक परीक्षण गर्दैछौं । धेरै पटक हामीले यस्ता कुराहरु अध्ययन गरिसकेका छौ । मैले प्रत्येक पानापाना पल्टाउँदै गर्दा समयको पनि केही बाबजुद भएकोले मैले पानाहरु मैले पल्टाउन मैले सबै कुरा भन्न आवश्यक ठानिनँ । यी सबै कार्यान्वयनहरु हुने छन् भन्ने मैले विश्वास राखेको छ । यति भन्दाभन्दै पनि मैले यहाँ भित्र देखेका, यहाँभित्र सम्झेका केही कुराहरु मैले सुझावको रुपमा दिन चाहन्छु ।

विशेषतगरी, हामीहरु मैले बारम्बार भन्ने गरेको छु, सरकारलाई विशेषतः गरी कही कतै हामीले हाम्रो सत्ता पक्षका हिसाबले सरकारलाई धेरै हौसिएर सबै हामी राम्रो भएको छ भन्ने सरकारलाई बढी भन्ने, र प्रतिपक्षले भने केही पनि भएको छैन भनी बारम्बार सरकारलाई टोक्ने जुन परिस्थिति छ । मैले विशेषतगरी के भन्न चाहन्छु भने दुवै खालका बढी अतिवादहरु हामीहरु हौसाउने प्रवृत्ति पनि प्रवृत्ति जुन पनि प्रदेश सरकार

सचेत रहोस् । र, खबरदार गर्ने प्रवृत्तिसँग सचेत रहेर वास्तवमै यथार्थ कुरा काँजै छ। वास्तवमा यथार्थ धरातल जाँदै त्यही टेकेर जो अगाडि बढोस् भन्ने पनि मैले शुभेक्षा व्यक्त गर्न चाहन्छु । यहाँ आएका बजेटहरुमा सबै कुराहरुमा राम्रो छ । अहिले हामीलाई बारम्बार भन्यौ, यो सबैभन्दा हामीसँग अप्ठ्यारो भनेको बजेटलाई कार्यान्वयन गर्ने जुन पाटो हो, यो कार्यान्वयनको पाटो साँच्चै पनि हामीले धेरै हामीले अध्ययन गर्नुपर्ने छ ।

हामी कहाँनेर चुक्यौ, हामी कसरी कार्यान्वयन गर्नमा अप्ठ्यारोमा पर्‍यौं। यी कुराहरुलाई हाम्ले राम्रोसँग हामीले गहनसँग गहनरुपमा अध्ययन गरी आगामी समय आउँदाखेरी हामी यस्तै खालका बहानावाजी खोज्ने होइन कि बजेटलाई राम्रोसँग हुबहु आफूले ल्याएको बजेटलाई हुबहु कार्यान्वयन गर्न सक्यौ भने मात्रै हामी सफल हुने छौ। हाम्रो सरकार सफल हुने छ र प्रदेशका हाम्रा जनताहरुले पनि कमसेकम त्यो परिवर्तनको अनुभूति गर्नु हुने छ भन्ने मलाई लाग्छ ।

यो कार्यान्वयनको शैली अगाडि जाने बेलामा मैले विशेषत अघिल्लो वक्ता माननीयहरुप्रति माननीयहरुबाट पनि केही कुराहरु आयो । वास्तवमा हामी इमानदारीका साथ सुशासनमा हामी राम्रोसँग देख्ने, सुशासन दिने कुराहरुमा हामी प्रतिबद्धता रहने हो भने पनि पक्कै पनि जनताहरुले हामीले गर्न नसकेको कुरालाई पनि फेरि साथ दिने, र गर्न खोजेको हो तर के कति नपुगेको हो भन्ने कुरा जनतालाई फेरि विश्वासका साथ हामीलाई अगाडि बढाउने हुन्छ । यसको लागि विशेषतः गरी हाम्रो प्रदेशमा अझ हाम्रो देशमा एउटा बाधकको रुपमा अलिकति हामीले तीतो सत्य पनि भन्नुपर्छ । यो बाधकको रुपमा यो भ्रष्टाचार प्रणाली जुन छ योलाई हामीले रोक्न सक्ने कि नसक्ने ? यो पहिलो हाम्रो कुरा छ । यो भ्रष्टाचार भन्ने कुरा यो अहिले हाम्रो सरकार आएर मात्रै अथवा यो सरकारले मात्रै विगतमा पनि यी कुराहरु थिए, आज पनि यत्रो परिवर्तन हुँदाखेरी नयाँ खालको केही आउँछ कि भन्ने अहिले पनि छ ।

यो अलि यसो हेर्दाखेरी  आकाशको बादल जस्तै बादलमा छर्लङ्ग देखेका छौ । वादल लागेको  छ । त्यो बादललाई समाप्ने हाम्रो  कुनै तागत हुँदैन । त्यसले गर्दा भ्रष्टाचार हामीले सबैले देखेका छौं सबैले बुझेका छौं यो भ्रष्टाचारलाई नियन्त्रण गर्ने हामी सँग मेकानिक धेरै कुराहरु हामीसँग काम गर्न अप्ठेयारो बनेको छ ।

यस कुरामा प्रदेश सरकारले गम्भीरताका साथ छलफल गर्ने र आफू आफू भित्र आत्मसमीक्षा गर्ने, र  हामीले दिएका सुझावहरु,  हामीहरुले लिएका कुराहरु र हाम्रा कर्मचारीहरु, हाम्रा  राष्ट्रसेवक कर्मचारीहरुमा के कति अप्ठ्याराहरु  छन्, अथवा उहाँहरुले चाहेर पनि कुनै कामहरु काम गर्न नसक्ने, चाहेर पनि काम गर्न अनकनाउने हो भने उहाँहरुलाई राम्रो काम गर्नलाई पुरस्कृत र नराम्रो काम गर्न दण्डित गर्ने व्यवस्थामा सरकार कडा रुपमा अगाडि बढ्ने र विशेषतगरी यो हामीले बनाएका योजनाहरु, हामीले बनाएका नीतिहरु, लामो समयसम्म तक टिक्ने, दिगो समयतक टिक्ने र हुबहु कार्यान्वयन हुने तर्फ सरकारले  बढी  सोच्नु हुने  छ भन्ने मैले आशा र विश्वास लिएको छु ।

र, अन्त्यमा यो असहज परिस्थितिमा यो अप्ठ्यारो परिस्थितिमा पनि जुन खालको बजेट ल्याउनु भएको छ, यो बजेटको मुल मर्म यो कोभिड १९ को रहेको हुनाले यो  आगामी वर्ष कोभिड १९लाई पनि अन्त्य गर्दै जनताका आशा र विश्वासलाई ब्युँझाउँदै अगाडि बढ्ने छ भन्दै यो आर्थिक यो बजेटको सफलताको शुभकामना व्यक्त गर्दै मेरा भनाइ अन्त्य गर्छु । धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

माननीय श्री प्रकाशचन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री मधु अधिकारी गुरुङ ।

**माननीय प्रकाशचन्द्र दवाडी**

सभामुख महोदय,  आज तेस्रो वर्षको बजेट आयो । मैले गए साल पनि साथीहरुले भन्नु हुन्छ जस्तो लागेको थियो, फेरि यहाँ के देखियो भने, बजेट त कति राम्रो आएछ ।

कस्तो आएछ । विज्ञापन सहित आएछ । कति राम्रो आएछ । यो विज्ञापन छाप्ने किताब हो कि यो फ्रिमै छापेको हो ? म सरकारसँग पहिलो प्रश्न गर्न चाहन्छु ।

सरकारको छापेको किताब, कुनै पनि विज्ञापन पछाडि देखिदैन जस्तो मलाई लाग्छ । आज किताब छापिँदैछ, प्रेसमा के के छापिनेछ धेरै माननीय सरकार पक्षका माननीयहरुलाई सबैलाई थाहा छ । कारण यही हो विज्ञापन आएको छ । त्यसैले सभामुख महोदय यसलाई तुरुन्त सच्चाइदिनु हुन आग्रह गर्दछु ।

७ अर्बको कार्यक्रम सहित दायित्व लिने कार्यक्रम सहित बजेट आयो । यो बजेट देख्दा कति राम्रो देखिएको छ सभामुख महोदय । तर, यो बजेट कोरोना महामारीको कारणले झन् घट्ला भनेको झन् बढेको छ ।

सभामुख महोदय, यो बजेट सच्चा इमानदारी र साच्चि भन्दा सरकारमा बसेका साथीहरुलाई के आग्रह गर्छु भने कोरोनालाई बचाउने हो कि कोरोनाबाट नेपाली जनता बचाउने हो भने २५ अरब भन्दा माथि आउन हुन्थेन सभामुख महोदय । अलिकति ख्याल गर्न पर्छ नि सभामुख महोदय । यो सरकारलाई म ध्यानाकर्षण गर्न चाहन्छु । यो कता फेरि जनतालाई ऋणको भार थोपारेर २ अरब पैसा नेपाल सरकारसँग माग्ने एक अरब । एक अरब जनतालाई फेरि कर असुलेर जनतालाई थिचोमिचो बनाएर राज्यले बजेट धेरै ल्याउनुपर्ने जरुर मलाई लाग्दैन सभामुख महोदय ।

यसमा मलाई लागेको छ, आज एक अरबको अबण्डा बजेट आएको छ । सधै भन्ने गरेका छौं, यसको कमसेकम एउटा ब्रेकडाउन गरेर मेरो सुझाव छ, यो नेताका कार्यकर्तालाई पाल्ने पोषण गर्ने बजेट ब्रेक डाउन गरेर मात्रै पास गर्नपर्छ सभामुख महोदय, यो भर्खरै के भइराको छ भन्ने आज मैले भन्नै पर्छ, गोरखामा यस्तै पोके बजेटले १६ वटा बजेट १६ ठाउँमा योजना छुट्याएको छ भर्खरै । हाम्रो माननीयहरु छौं । होला कुनै मेरो क्षेत्र पनि परेको होला तर म आग्रह गर्छु, अहिले तत्काल अवस्थामा छिटो छिटो गर्नोस् यस्तै अबण्डा बजेटबाट भनेर समिति गठन गर्न लागेको छ, त्यहाँ द्वन्द्व सुरु भाको छ । यसलाई पनि ख्याल गर्न पर्छ, मुख्यमन्त्रीज्यू ।

मलाई के आग्रह गर्छु भने मुख्यमन्त्रीज्यूलाई आज यो प्रवृत्ति भयो भने सरकार त असफलको सँघारमा गइसक्यो, अझै पनि बढी अप्ठ्यारो पर्ने हो कि भन्ने कुरा म सुझाव दिन चाहन्छु । गएको वर्ष ६० प्रतिशत हाराहारीमा खर्च भएको छ । आज फेरि ३२ प्रतिशत हाराहारीमा खर्च भाछ । १० महिना सरकारले के हेरेर बसेको छ ? सत्ता पक्षकै साथीहरु भन्नु भाको छ , १० महिना त हामी बनाउँदै थियौ, तर त्यो नीति नियमा १० महिना गयो ।

सभामुख महोदय, त्यसैले मेरो आग्रह के गर्न चाहन्छु भने अहिले फेरि नयाँ योजना नयाँ योजनाहरु आउने कुराहरु जहाँ सुकै जाओस् त्यही चलनबाट फेरि चुनाव नजिकै आउँदैछ । जनतालाई ढाँटेर फेरि नयाँ कुरा के आउन सक्छ भने अन्तिम वर्ष एक खरबको बजेट ल्याएको छ । सभामुख महोदय ।

त्यो सधै तान्दै जाने । गए सालका बजेटहरु तान्दै जाने । नयाँ योजना नल्याइकन पुरानै योजनाको बजेटलाई तान्दै जाने, थप्दै जाने, १ अरब पुगिहालिन्छ । चुनाव पनि जितिन्छ, जनतालाई नि ढाँटिन्छ । यो कुरालाई ख्याल राख्नुपर्छै । हाम्रा सरकार पक्षका साथीहरु । आज हामी कोभिड १९ मा यस्तो पीडादायी क्षण छ । विदेशमा बसेका कुवेत, दुवई , कतार मलेसियामा बसेका नेपालीहरुको त्यहाँ बस्ने अरु देशका सरकारहरुले आम माफी दिएर घोषणा गरेको छ ।

गण्डकी प्रदेशले केही योजना ल्याएको छ कि छैन ? केही सोचेको छ ? सभामुख महोदय ? मेरो आग्रह प्रश्न गर्न चाहन्छु, त्यहाँ बसेका नागरिकलाई नेपाल आउन चाहे, गण्डकी प्रदेशमा आउन चाहे, गण्डकी प्रदेशमा ल्याउने नभए त्यही बस्न चाहनेले त्यहीको व्यवस्था गर्न दिइने भनेर ती देशहरुले आममाफीको निर्णय गरेको छ । त्यो कमसेकम नीति नियम त पढ्नु पर्दैन सरकार बस्ने साथीहरुले ? म आग्रह गर्न चाहन्छु, तुरुन्तै यो बजेटलाई सच्चाएर यो कार्यक्रम विदेशमा बस्ने नेपालीलाई आममाफीको अवसर दिएको बेलामा कमसेकम संरक्षण गर्ने काम गरौं, जनतालाई बचाउने काम गरौं सभामुख महोदय ।

गएको वर्ष मैले सुन्थे, कति राम्रा कुराहरु आएका छन्, आज पनि सुनेको छु, राम्रा कुराहरु आका छन् । साथीहरुले भनेका छन् । प्रतिपक्षले खाली विरोधमात्र गर्छ भनेर। विरोध हैन , कमसेकम सुझाव र सल्लाह पनि हो भन्ने सोच्दिनुहुन आग्रह गर्छु । दश हजार किलो लिटर तेल बन्ने एउटा सपना बोकेका छौं हामीहरु पनि । धन्यधन्य ताली लगाउन लाका थियौ, हामी । अहिले देख्दा दश हजार किलो लिटर कहाँ गयो ? कता नि मलाई भान भएको छ । त्यो बनाउँदा बनाउँदै त्यो ट्यांकीको तल प्वाल परेर सबै तेलै सिध्दियो कि भयो जस्तो भाछ, मलाई । सभामुख महोदय ।

त्यो कहाँ गयो होला ? मैले खोज्दैछु, मैले । तपाईले खोजी राखेको मलाई त महसुस भाको छैन । तैपनि हाम्ले खोज्दा पनि तपाईहरु नतर्सिनुहुन आग्रह गर्छु । आज सरकार गठन भएको वर्ष आर्को पनि मिठो कार्यक्रम  आएको छ सभामुख महोदय । सप्पै जनताको घरमा एक घर एक धारा । अहिले बजेट दुई अर्ब, दुई वर्षमा बजेट छुट्टाइयो, अहिले पनि फेरि राम्रो बजेट छुट्याएको छ, दुई अर्ब ३९ करोड, १२ लाख रुपैयाँ । मलाई सब एउटा भान भएको छ, कता त्यो धाराहरु पनि बनिसकेर पुनः फेरि त्यो धारामा सुनको लेपन लाउन त तयार गरेको त हैन सरकारले ? कुन  जनताले कति पाएनन्, जग्गा । जनतालाई यहाँ हाउसमा जनतालाई सार्वजनिक गर्नुपर्दैन ? कति दिन झुक्याउने, जनतालाई सभामुख महोदय ?

होला, दुई चार ठाउँमा बनेको होला । बनेको ठाउँ त यो ठाउँमा बनेको छ, २० ओटा धारा बनेको छ भने ५० ओटा धारा बनेको छ भन्ने । १० ओटा सिँचाइ बनेको छ भने ५० ओटा सिँचाइ बनेको छ भन्ने । यो त भ्रम खेती गर्ने सभामुख महोदय । मेरो आग्रह छ, सरकारमा बस्ने साथीहरुलाई अझै मलाई पीडादायी क्षण के हुन्छ भने योजना आउँछ, त्यो योजना कार्यान्वयन गर्न जहाँ सुकै जाओस्, या कार्यान्वयन हुन त छँदै छैन, पैसा छुट्याइहाल्ने । पैसा यति आयो भनेर पहिल्यै खबर हुन्छ । त्यो स्वभाविक हो । राजनीति गर्ने साथीहरुले भन्नुपर्छ । तर यहाँ देख्छु मैले गोरखाको नामरुङदेखि लार्के तिब्बत जोड्ने सडकमा हरेक वर्ष बजेट पैसा बजेट छुट्टाइन्छ, एक वर्ष कार्यान्वयन भएको छैन सभामुख महोदय, कमसेकम सरकारमा नेतृत्व गर्ने हिजो माननीयज्यूले

भनिसक्नु भो, सरकारमा नेतृत्व गर्ने साथीहरुले त्यो क्षेत्रका माननीयहरुको क्षेत्रका मन्त्रीहरुलाई मात्रै भरमा छोड्नु हुँदैन । त्यो असफल भनेको सरकारको नेतृत्व गर्ने मुख्यमन्त्री असफल हुनुहुन्छ ।

त्यसकारण म आग्रह गर्छु, एकचोटी अनुगमन गरिदिनु आग्रह गर्छु । बजेट छट्याछ, के भाछ भनी अनुगमन गरिदिन आग्रह गर्दछु । मेरो क्षेत्रमा पनि आग्रह गर्छु । सबै क्षेत्रमा हेरिदिनु भयो भने कमसेकम महिनामा एउटा क्षेत्र गयो भने ११ महिनामा ११ वटा क्षेत्र त पुगिन्छ नि सभामुख महोदय, त्यो किन कार्यान्वयन हुन सकेन ? किन भएन? भनी हेर्नुपर्दैन ? यहाँ बसेर मिठा कुरा गर्दैमा सबै ठिक छ भन्दैमा सबै ठिक हुनेवाला छैन । १० महिना बित्यो, अहिले त कोभिड १९ देखाएर हामीले गर्न लाक्यै थियौ भन्न पाइएको छ सभामुख महोदय । यो आइन्दा नहोस् । म सरकारलाई सुझाव दिन चाहन्छु ।

अर्को, मलाई अचम्म लागेको छ, सरकारमा बस्ने साथीहरुले, उज्यालो कार्यक्रममा आयो उज्यालो कार्यक्रम भनेर घोषणा गरियो, खुसी लाग्यो । हामी पनि खुसी भयौ । तर कार्यक्रम कस्तो आए ? यहाँका सरकारमा बस्ने साथीहरुलाई केही थाहा हुँदैन । प्राधिकरण ठेक्का गरेको ठाममा यहाँबाट नचाहिने ठाममा पनि पोल पठाएर थुप्राएको छ, त्यो हेर्नुपर्दैन ? सरकारमा बस्नेहरुले नेतृत्व गर्ने साथीहरुले त्यो पोल लगेर थुप्राको ठाउँमा बेवारिसे बनेको छ । उता, विद्युत प्राधिकरणले गोरखाकै सवालमा भन्दैछु आज मैले यो, विद्युत प्राधिकरण ठेक्का गरेको ठाममा पोल लगेर त्यसै फाल्देको छ, कुनै ठाउँमा पोल नपुगेर काठका पोल लडेर जनताको ज्यान गाछ । त्यसै कारण यो कुरामा किन ध्यान नगाको होला सभामुख महोदय ? यो कुरामा जोड्न पर्ने कुराहरु किन नआको सभामुख महोदय ? त्यसलाई पनि मध्यनजर राख्नुपर्छ जस्तो मलाई लागेको छ । यहाँ सप्पै रोजगारीका कुराहरु आछन्, सप्पै युवालाई रोजगारी कहाँबाट आको छ ? ठेट युवालाई रोजगारी दिने कार्यक्रम ? कुन ठाउँमा ? कुन बैंकमा छ ? नारामात्रै किटान गरेर आउनुपर्ने । यो गर्छु भनेर हुँदैन सभामुख महोदय, आज गोरखामा रहेको रबर उद्योगको बिचल्ली भाको छ ।

त्यस्तै गोरखामा सायद नेपाललाई धान्ने लिचि उत्पादन हुने पालुङटार हुने क्षेत्रमा त्यो लिचिको उत्पादन हुनेमा किन सरकारले केही बजेट नछुट्याएको ? सधैं हुन्छ भन्ने कामना गर्छु सभामुख महोदय । त्यस्तै यहाँ सरकारले लामेआहालमा प्रदेशस्तरीय तपाईको बसपार्क बनाउने पृथ्वीचोकमा बसपार्क बनाउने, सिटी बसपार्क केही भाको छ त हामीलाई प्रष्ट रुपमा केही आको छ, केही आको छैन सभामुख महोदय । हामीलाई प्रष्ट जवाफ चाहिन्छ । सधै आलटाल गरेर यो गर्छु भनेर झुठो बोल्न पाइँदैन सभामुख महोदय । मैले नीति तथा कार्यक्रममा नि भनेको थे, प्रदेश स्तरको एउटा गाउँस्तरमा स्थानीय तहमा एउटा टेबुल राख्नुपर्छ । एउटा डेस्क राख्नुपर्छ । त्यो भयो भने हाम्रो कार्यान्वयन हुन्छ भनेको थियौ हाम्ले, हाम्लाई त्यस्को बेवास्ता गरियो ।

किन बजेटको कार्यान्वयन, किन बजेट छुट्याइएन ? त्यसैले अहिले म सरकारलाई नआत्तिकन पर्यटन वर्ष, पर्यटकहरुको हव छ, गोरखाको उत्तरी भेगमा जडिबुटीहरुको खेतीको हव छ, त्यो किन सुरु छुट्याइँदैन सभामुख महोदय ? सरकारले जडिबुटीको खेतीलाई अगाडि बढाउनुपर्छ ।

स्वाँरा सौरपानी लगायत त्यस क्षेत्रमा तपाईको खरिबोट लगायतका वलाङ सिस्ने धेरै थरिको हाम्रो जडिबुटी छ, उत्तरी तपाईको मनाङ मुस्ताङ लगायतका ठाउँमा छ, यी कुरालाई पनि मध्यनजर राख्नुपर्छ जस्तो मलाई लागेको छ । म अन्त्यमा तपाईको जम्मा तीन्टा कुरा राख्न चाहे सभामुख महोदय, यो कार्यक्रमको आफ्नो आसेपासेलाई ठेक्कापट्टा, बेरोजगारीलाई रोजगारी र अर्को ३ वर्षभित्र चुनावमात्र जित्ने कार्यक्रम आएको छ । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय श्री मधु अधिकारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मधु अधिकारी गुरुङ**

माननीय सभामुख महोदय, माननीय आर्थिक मामिला तथा योजना मन्त्री ज्यूले २०७७ असार १ गते आर्थिक वर्ष २०७७, ७८ को समग्र बजेट यस गरिमामय सदनमा प्रस्तुत

गर्नुभयो । यस बजेटका सन्दर्भम हामी आज छलफल गर्न गइराखेका छौं । यो छलफलमा भाग लिन दिनु हुने, माननीय सभामुखज्यूलाई म हार्दिक आभार प्रकट गर्न चाहन्छु।

माननीय सभामुख महोदय, सर्वप्रथम २ हजार ४० वर्षसम्मको जहाँनीय राणा शासन अन्त्य गरेर नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नका निम्त्ति सहादत अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै बेपत्ता योद्धाहरुप्रति स्मरण र सम्मान गर्न गर्दछु, घाइतेहरुप्रति  स्वास्थ्य लाभको कामना गर्दछु । र, मुलुकलाई यो अवस्थामा ल्याउनु हुने राष्ट्रियता जनतन्त्र र जनजीविकाको सवालमा आजसम्म लड्नु हुने नागरिक प्रति हार्दिक नम नमन व्यक्त गर्दछु ।

साथै विश्वभरि फैलिएको कोरोना भाइरसका कारणले मृत्यु हुनेहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु र जो कोरोना संक्रमितको अवस्थामा हुनुहुन्छ, वहाँहरुप्रति स्वास्थ्य लाभको कामना गर्दछु । र, सम्पूर्ण यो अवस्थामा सहयोग गर्नुहुने राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, आज देश कोरोना भाइरसका कारण संकटग्रस्त छ । अर्थतन्त्र ठप्प छ, व्यापार व्यवसाय ठप्प छ, उद्योग कलकारखाना ठप्प छ । हरेक नागरिकलाई राहतको आवश्यकता छ । दैनिक ज्यालादारी मजदुरको जनजीवन जीवनमा अस्तव्यस्त छ । हजारौं युवाहरुको विश्वमान चित्र नअजन्मिएको छ । रोजगारी सिर्जना गर्नुपर्नेछ । आन्तरिक र बाह्य सहायता पर्छ यो चुनौतीका बाबजुद पनि सरकारको नीति कार्यक्रमको जगमा विनियोजित विधेयक २०७७ को प्राथमिकता र सिद्धान्तलाई आधार बनाई नेपालको संविधान गण्डकी प्रदेश सरकारको पञ्चवर्षीय योजना, दिगो विकास र लक्ष्य मध्यमकालीन खर्च, संरचना सहितलाई आधार मानेर आधारभूत जनताहरु समुदायको पक्षमा यो बजेट आएको छ । तसर्थ बजेटको म पूर्ण समर्थन गर्दछु ।

माननीय सभामुख महोदय, बजेट निर्माणको सन्दर्भमा विगतको बजेट कार्यान्वयन उपलब्धि समस्या र चुनौती आगामी बजेट बनाउने विषयमा राम्रोसँग समीक्षा गरेको छ। जसले आगामी दिनमा बजेट कार्यान्वयनमा थप उत्साह भएको छ । साथै छ वटा उद्देश्य, कोरोना भाइरसको रोकथाम र नियन्त्र, रोकथाम, नियन्त्रण र उपचार गर्नेदेखि समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने, निर्माणमा योगदान पुऱ्याउनुका साथै विकास सुशासन, समृद्धि हासिल गर्ने कुरा आत्मसात गरेको छ । यसै गरी उल्लेखित उद्देश्य पूरा गर्नका निम्ति बजेटको क देखि ज्ञसम्म प्राथमिकी प्राथमिकीकरण बनाइएको छ ।

त्यसको आधारमा बजेट विनि , बजेट ल्याएको छ माननीय सभामुख महोदय । पहिलो विषय कोरोना भाइरस महामारीबाट बँच्नु र बचाउनु हो । आमनागरिकको चासो हो । सरकारले के गर्छ, के गऱ्यो भन्ने विभिन्न कोणबाट प्रश्न उठ्ने गरेको छ । गरेको थियो र छ । यस विषयलाई कोरोना रोकथाम, नियन्त्रणका लागि लगभग ३ अरब बजेट विनियोजन गरेर स्वास्थ्य क्षेत्रको सुदृढीकण व्यवस्थित व्यवस्थित क्वारेन्टिन क्वारेन्टिन आइसोलेसन कक्ष, स्वास्थ्य उपचारदेखि विभिन्न पाटोमा बजेट विनियोजन गर्नुका साथै यसले आमनागरिकमा सरकारप्रति विश्वास पैदा गर्ने काम गरेको छ र आशंकाहरुलाई दूर गरेको छ ।

माननीय सभामुख महोदय, स्वास्थ्य क्षेत्रको सुदृढीकरण गर्ने विषयमा सरकार गम्भीर छ। नेपालमा संक्रामक सरुवा अस्पताल कम थियो र त्यो क्षेत्रमा बजेट विनियोजन गरेको छ । शिशु बालबालिका किशोरी अपांगता भएका व्यक्ति गर्भवती महिला लगायत सबै जिल्लामा २५ देखि ५० शैया अस्पतालको बनाउने र सबै जिल्लामा अस्पतालको सुदृढीकरण गर्नको निम्ति बजेट विनियोजन गरेको छ । यसले सरकारप्रति उदार, नागरिकप्रति उत्तरदायी छ भन्ने कुरा पुष्टी गरेको छ ।

माननीय सभामुख महोदय, गण्डकी प्रदेशलाई स्वास्थ्य प्रदेश बनाउन स्वरोजगार प्रदान गर्न, प्राविधिक युक्त बनाउन विभिन्न जातजाति बसोबास गर्ने प्रदेश विभिन्न भाषा धर्म संस्कार, कला संस्कृतिको जगेर्ना गर्दै गण्डकी प्रदेशको छुट्टै पहिचान दिनका लागि

गण्डकी विश्व विद्यालय, गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान, आदर्श विद्यालय, नमुना आवासीय विद्यालय लगायतका विद्यालयहरुमा बजेट विनियोजन गरेको छ ।

माननीय सभामुख महोदय,  सामाजिक सुरक्षा श्रम तथा रोजगार, युवा तथा खेलकुद, संस्कृति लगायत संस्कृत लगायत बजेटका सन्दर्भमा बजेट निरन्तरतामा आएको छ । त्यसैगरी भूमि व्यवस्था कृषि सहकारीमार्फत कृषकहरुको उत्पादन र उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्दै सुखी प्रदेश निर्माणमा जुन बजेट आएको छ, त्यसले किसानको मुहार चम्काउने विश्वास गरेको छु । बाँकी भौतिक पूर्वाधारको क्षेत्रमा एक गाउँ, प्रदेश एक सडक खानेपानी उज्यालो प्रदेश कार्यक्रम, सडक पुल, झोलुङे पुल, उद्योग वन तथा वातावरण लगायतका छ अरब थप निरन्तरता छ । यसलाई निरन्तरतामा भन्दा पनि गण्डकी प्रदेशको विकासलाई निरन्तरतामा हैन, निरन्तरतामा छलाङ अथवा क्रम भंग गर्नका लागि विभिन्न परिषद्हरु समिति बनाएको छ । यसले पक्कै पनि सहयोग गर्नेछ भन्ने विश्वास पनि गरेको छु ।

माननीय सभामुख महोदय, यति हुँदा हुँदै पनि अहिले महिलाहरुको क्षेत्रमा आर्थिक, सामाजिक, राजनीतिक, सहासिक सशक्तीकरण र लैंगिक समानताको काम गर्नको निम्ति बजेट विनियोजन गरेको छ, तर यो अपर्याप्त छ र ठोस हुन जरुरी छ । हिंसा पीडित महिला , एकल महिला तथा लैंगिक अल्पसंख्यक सिमान्तकृत लोपोन्मुख जातिको लागि भनेर बजेटको बजेट विनियोजन गरेको छ , यसलाई अलि मूर्ति मूतिकृत गर्न पनि जरुरी छ ।

युवाहरुको सन्दर्भमा कोरोना महामारीका कारण स्वदेश, विदेशमा रहेका र जो एउटा रोजगारी गुमाएका युवाहरु छन्, उनीहरुलाई रोजगारी सिर्जना गर्नको निम्ति बजेट छुट्टाएको छ, यो असाध्यै महत्वपूर्ण छ र गण्डकी प्रदेशमा साच्चै भन्ने हो भने पूर्व माननीय ज्यूहरुले भनेजस्तो घाँस काट्ने र बाटो सोर्ने काममा.गण्डकी प्रदेशका युवाहरु अब्बल  युवा अथवा  समक्ष खालको युवामा परिणत हुन सक्नेछन् भन्ने मलाई विश्वास

लागेको छ । र, अहिले समस्या कहाँ नेर छ भने बजेट योजना नीति कार्यक्रम बनाउने कुरा बजेट विनियोजन गर्ने कुरा असाध्यै राम्रो छ । शिक्षा क्षेत्रमा होस् कि पर्यटन क्षेत्रमा होस् ।

बेपत्ता सहिद परिवारका क्षेत्रमा होस्, तर कार्यविधि बनाउ नबनाउने र कार्यविधि पहिलो कुरो कार्यविधि नबनाउने र कार्यविधि बनाउन ढिलो गर्ने र बजेट खर्च गर्ने कुरामा सरकार गम्भीर हुन जरुरी छ । अबको आवश्यकता एकता प्रतिबद्धता र क्रियाशीलता हो । अहिले नगरे कहिले गर्ने ? हाम्ले नगरे, कसले गर्ने ? यो कुरालाई आत्मसाथ गरौं। असम्भव भन्ने कुरा मुर्खहरुको डायरीमा हुन्छ । गण्डकीप्रदेश वास्तवमा यो सबै प्रकारको प्रदेश हो । तसर्थ यो प्रदेशले पक्कै पनि हामी सबैको भविष्य भविष्य सुनिश्चित गर्नेछ । र, मैले थोरै केही विषयबस्तु राख्न चाहन्छु ।

जस्तै, हिजो पनि एक जना माननीयज्यूले राखु भको थियो, यो हाम्रो प्रदेश भनेको विभिन्न जातजाति बसोबास बसेको प्रदेश हो । र, यहाँ बोटे चेपाङ, मुसरफ, गन्धर्व लगायतका जातिहरु छन्, त्यो जातिहरुको दुरा लगायतका जातिहरु छन्,यिनीहरुको सन्दर्भमा केही ठोस कार्यक्रम हुन जरुरी छ । त्यसैगरी गुरुङहरुको ऐतिहासिक थलो, क्होलासोतार र इलमपोखरी ठाउँको सन्दर्भमा यो सूसुचित हुन जरुरी छ । र सहिद बेपत्ता घाइते अपांगको सन्दर्भमा मूर्त मूर्तिकृत योजना यो आको छैन । र, ठोस कार्यक्र शिक्षा, स्वास्थ्य रोजगारीको सन्दर्भमा पनि ठोस बजेट आउन जरुरी छ र कार्यविधि बनाएर अगाडि बढ्यो भने वास्तवमा सबैको सम्बोधन हुन सक्छ भन्ने विषय राख्दै बिदा हुन्छु । हवस् त धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक ३० मिनेटको लागि स्थगित हुन्छ ।

# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (चौबिसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति २०७७।०३।०४ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, अब आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले मिति २०७७ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको वार्षिक सामान्य छलफल प्रारम्भ हुन्छ।

उक्त छलफलमा बोल्न चाहने हुने प्रत्येक माननीय सदस्यलाई १० मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम म माननीय श्री लक्ष्मी सुनार सुनारलाई छलफलमा भाग लिन समय दिन्छु । यस पछि माननीय श्री डोवाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय मिलाउँछु।

**माननीय लक्ष्मी सुनार**

विश्वभरि फैलिएको यो महामारी कोभिड १९ ले अहिले सबैलाई आतंकित तुल्याएको छ भने कतिले ज्यान गुमाउनुपरेको छ भने उहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै

आत्माले शान्ति पाओस् र कति उपचारमा रहनु भएको छ, उहाँहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

माननीय सभामुखज्यू, माननीय आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङज्यूले यस्तो विषम परिस्थितिमा असार १ गते बजेट वक्तव्य यस गरिमामय सभामा प्रस्तुत गर्नुभएको थियो र यसको लागि मन्त्रीहरुलाई हार्दिक धन्यवाद दिंदै म र मेरो दलको तर्फबाट समर्थन गर्न चाहन्छु।

२०७७ /०७८ सालको बजेटले कोभिड १९ लाई पहिलो प्राथमिकता दिएको छ । कोरोना भाइरस रोगको रोकथाम तथा उपचारलाई प्रभावकारी बनाउन आवश्यक स्रोत र साधन सुनिश्चित गर्न गुणस्तरीय क्वारेन्टाइन निर्माण गर्न र संक्रमितको उपचारको लागि विशेष अस्पताल र आइसोलेसन कक्षको स्थापना पिसिआर परीक्षण, औषधी उपकरण खरिदका लागि बजेट विनियोजन भएको छ ।

माननीय सभामुख ज्यू, विदेशमा रोजगारी गुमाएका कोभिड प्रभावित युवाहरुलाई रोजगारी प्रदान गर्न तथा स्वरोजगार बनाउन आवश्यक सिप, पुँजी, प्रविधि उपलब्ध गराउनका लागि संघ र स्थानीय तहको साझेदारीमा व्यवसायिक तथा सिप विकास तालिम प्राप्त तालिम केन्द्रमार्फत संचालन हुने तालिम साथै कृषितर्फ कोभिड १९ लक्षित कार्यक्रम, जलवायु मैत्री कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न मुख्यमन्त्री नमुना कृषि गाउँ कार्यक्रमलाई निरन्तरता दिंदै विभिन्न ठाउँमा संकलन केन्द्र, प्रशोधन केन्द्र शीत भण्डार चिस्यान केन्द्र, आधुनिक पशु बधस्थल स्थापना गर्दै विभिन्न जातका भैंसी बाख्रा, च्याङग्रा, भेडा, चौरी, कुखुरा र मत्स्य पालन कार्यक्रमलाई पनि जोड गरी बजेट विनियोजन भएको छ ।

स्वास्थ्य क्षेत्रको स्वास्थ्य क्षेत्रमा सुदृढीकरण गर्न तर्फ हेर्ने हो भने ३० नम्बर बुँदादेखि ४१ नम्बर बुँदासम्म विभिन्न शीर्षकमा बजेट विनियोजन भएको छ । शिक्षातर्फमा हेर्ने हो भने गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको पूर्वाधार विकास संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिंदै सूचना प्रविधि र

शिक्षणमा जोड दिँदै चिकित्सा विज्ञान विषयको अध्ययन कार्य अगाडि बढाउँदै सामुदायिक विद्यालयबाट छनोट भएका विद्यालयलाई आदर्श विद्यालय र नमुना आदर्श विद्यालयको रुपमा विकास गर्ने कार्य अगाडि बढाउँदै एमबिबिएस लगायत उच्च प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति छनोट भएका दलित, अल्पसंख्यक तथा गरिबीलाई थप प्रोत्साहन गरी अगाडि बढाउनको लागि पनि यो बजेट विनियोजन भएको छ ।

सामाजिक सुरक्षा, श्रम तथा रोजगार, युवा तथा खेलकुद र सांस्कृतिलाई अगाडि बढाउनको लागि विभिन्न शीर्षकमा बजेट विनियोजन भएको छ । महिलाको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक सशक्तिकरण तथा लैंगिक समानता कायम गर्ने कार्यलाई कार्यक्रमलाई प्राथमिकता दिदै हिंसापीडित महिला, लैङ्गिक अल्पसंख्यक, सिमान्तकृत तथा लोपोन्मुख समुदायको परम्परगत पेशा, कला र सिपको संरक्षण संवर्धन र आधुनिकीकरण, सार्वजनिक सिप विकासलाई पनि बजेट विनियोजन भएको छ ।

माननीय सभामुख ज्यू, पर्यटनतर्फ हेर्ने हो भने बुँदा नम्बर ७५ देखि बुँदा नम्बर १०१ सम्म विभिन्न शीर्षकमा बजेट विनियोजन भएको छ। तीमध्ये उद्योगग्राम, आपूर्ति जस्तै नवलपुरको लोकाहाखोलाको जग्गा छनोट गरी उद्योगग्राम स्थापना गर्दै संघीय सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहको सहभागितामा धौवादी फलाम कम्पनीलाई अगाडि बढाउन बजेट विनियोजन भएको छ ।

भौतिक पूर्वाधारतर्फ पनि विभिन्न शीर्षकमा बजेट विनियोजन भइ आवश्यक अनुसार सडक, पुल, झोलुङ्गे पुल, खानेपानी, ऊर्जा, सिचाई, यातायात गुरुयोजना तर्जुमा विद्युतीकरण आदिका लागि बजेट विनियोजन भएको छ ।

भवनतर्फ आवास र सहरी विकास तर्फ नेपाल सरकारको सहकार्यमा नवलपुरको कावासोतीमा संघ, प्रदेश र स्थानीय तहको समन्वयमा सरकारी कार्यालयको लागि एकीकृत नमुना प्रशासनिक केन्द्र स्थापना गर्न बजेट विनियोजन भएको छ र थप कार्यक्रममार्फत दलित अति विपन्न समुदायका लागि सुरक्षित आवासको व्यवस्था गर्न बजेट विनियोजन भएको छ ।

सभामुख महोदयज्यू, यसरी विभिन्न शीर्षकमा सान्दर्भिक तरिकाले माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले बजेट विनियोजन गर्नु भएकोमा मन्त्रीज्यू तथा कर्मचारीज्यूहरुलाई हार्दिक नमन गर्न चाहन्छु ।

अन्त्यमा, यदि गर्दागर्दै पनि मलाई केही भन्न मन लागेको छ । यस महामारी कोभिड १९ कोरोना भाइरसको संक्रमणमा परेका व्यक्तिहरुलाई बस्नको लागि क्वारेन्टाइनको व्यवस्था नभएको कारणले कति महिला सामूहिक बलात्कारमा परेका छन् । कतिले आत्महत्या गरेका छन् र कतिले कति भागेका छन् र औषधी उपचार नभएर कतिले ज्यान गुमाउनुपरेको छ । यसको लागि सभामुख मार्फत सरकारको ध्यान जाओस् भन्न चाहन्छु । कृषिमा व्यवसायिक रुपमा आत्मनिर्भर भई खेती गर्नको लागि समयमा मल बिउ उपलब्ध हुन सकेको छैन । त्यसतर्फ पनि सरकारको ध्यान जाओस् भन्न चाहन्छु। युवा तथा बेरोजगारी भएको व्यक्तिलाई सीपमूलक तालिम दिदै त्यसमा आफ्नो व्यवसायिक रुपमा आत्मनिर्भर हुनको लागि बजार भाउको व्यवस्था हुन सकेको छैन । महिला श्रमिक महिला, श्रमिक असहाय तथा अपांगता भएका व्यक्ति गरिब विपन्न आदिवासी जनजाति आदिलाई उद्यमशील विकास सिपमूलक तालिम कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन भएको छ तर यति नै भनेर कार्यान्वयन भएको छैन । दलितको लागि परम्परागत पेसा भनेर बजेट विनियोजन भएको छ तर यति नै भनेर शीर्षक अनुसारको भए सुनमा सुगन्ध हुन्थ्यो तर यो हुन सकेको छैन । गत वर्ष दलितको यसै शीर्षकमा १ करोड बजेट छुट्टिएको थियो तर त्यो बजेट कुन शीर्षकमा गएको हो भन्ने पत्तै भएन । यस पालिको बजेट यस्तो नहोस् भन्दै सभामुखमार्फत सरकारलाई शीर्षक अनुसारको बजेट विनियोजन हुनुपर्छ भन्दै मेरो भनाइ अन्त्य गर्छु । हवस् त धन्यवाद नमस्कार ।

**माननीय सभामुख**

माननीय श्री डोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु । तयारी रहनलाई माननीय श्री प्रभा कोइरालालाई ।

**माननीय डोबाटे विश्वकर्मा**

माननीय सभामुख महोदय, आज हामी २०७७/ ०७८ को बजेट वक्तव्य माथि हामी छलफलमा जुटेका छौं । वास्तवमा यो हाम्रो निरन्तरता ३ वर्षदेखि हामीले बजेटमा छलफल गर्दै आएका छौं र तिनै बजेटहरु निरन्तरतामा आएका छन् । यो स्वभाविक पनि होला तर कतिपय बजेटमा किताबमा समावेश भएका योजनाहरु, कार्यक्रमहरु यो किताबमा मात्रै सिमित र कार्यान्वयन नहुने पक्षहरु देखिएका छन् । त्यसले गर्दा यो कार्यान्वयन पक्षमा जानु पर्छ कि पर्दैन भन्ने म सरकारसँग अनुरोध गर्न चाहन्छु ।

माननीय सभामुखज्यू, सर्वप्रथमतः, यो बजेट कति ठूलो आयो, कति ठूलो आकारको आए, कति सानो आकारको आयो भन्दा पनि यसको कार्यान्वयन पक्षले महत्व राख्छ भन्ने मलाई लाग्दछ । हामी कार्यान्वयन पक्षमा जान सकेम् कि सकेनम् भन्ने कुराले पनि महत्व राख्छ भन्ने म अनुरोध गर्न चाहन्छु ।

माननीय सभामुखज्यू, आज मैले माननीय आर्थिक मामिला मन्त्रीज्यूको भनाइलाई केही सापटी लिन चाहन्छु । माननीय मन्त्रीज्यूले माननीय मन्त्रीज्यूले यो बजेट पिपलपाते होइन भन्नु भएको छ तर यो बजेट पिपलपाते हो वा बरपाते हो ? यो कुराहरुलाई क्लियर गर्न पर्छ भन्ने मलाई लाग्छ । यी सन्दर्भमा म उदाहरण दिन चाहन्छु, माननीय सभामुखज्यू, प्रदेश सरकारका ३ वर्षे ३ वर्षका एजेण्डाहरुलाई राम्रो एजेण्डाहरु राख्नु भएको छ । पहिलो वर्ष पहिलो वर्षमा कर्मचारी भएनन्, त्यसकारणले काम गर्न सकिएन। कति राम्रो एजेण्डा छ । दोस्रो वर्षमा कार्यविधिहरु बनेनन्, काम गर्न सकिएन कति राम्रा एजेण्डाहरु छन् । तेस्रो वर्षमा कोरोना भाइरसले गर्दा काम गर्न सकिएन्, कति राम्रा एजेण्डाहरु छन् । त्यसकारणले यो बजेट बरपाते हो कि पिपलपाते हो यसलाई छुट्याउनुपर्छ भन्ने मैले आग्रह गर्न चाहन्छु र यसमा म केही उदाहरणहरुमात्रै राख्न चाहन्छु, यो प्रश्न सत्य हो त त्यसकारण सरकारको भनाइ त गराई पिपलपाते छ भन्ने मलाई लागेको छ ।

माननीय सभामुखज्यू, यस बजेटको किताबमा भएका, भएका सरकार, सरकारका केही कमजोरीहरु राख्न चाहन्छु।

माननीय सभामुखज्यू, गत वर्ष १९ अरबको बजेटमा ७ अरब बजेट खर्च नहुँदाखेरिमा सरकारले जनतालाई जवाफ दिनु पर्दैन ? के यो १० महिनासम्म यो कोरोनाले रोक्यो कि चैतबाट रोक्यो ? त्यसकारण यो विषयमा जनतालाई सरकारले स्पष्ट जवाफ दिन पर्छ भन्ने मलाई लाग्दछ । अर्को कुरा, दोस्रो कुरा युवा, दलित महिलाहरुको लागि विनियोजन बजेटहरुको सन्दर्भमा म राख्न चाहन्छु ।

के यो बजेट यो किताबमा मात्रै राख्दिने कार्यान्वयन गर्न पर्दैन र यो ? कार्यान्वयन गर्न पर्छ होला । ३ वर्षदेखि महिलाहरुको सन्दर्भमा यो बजेट आएको छ, दलितहरुको विषयमा यो बजेटहरु आएको छ, तर कार्यान्वयन हुँदैन । आज यो ५१ पर्सेन्ट ओगटेको महिलाहरुको निम्ति धन्दै धन्दै यो प्रदेशमा ८ लाख जति महिलाहरु बेरोजगारी हुनुहुन्छ । घरमा रोजगारीका अवसरहरु सिर्जना गर्नु पर्दैन ? बजेट चाहिँले सम्बोधन गर्न पर्छ कि पर्दैन ? कार्यान्वयन गर्नु पर्छ कि पर्दैन ? त्यसकारणले यसको जवाफ दिन पर्छ होला भन्ने मलाई लाग्दछ । आज युवा र दलितहरुको सन्दर्भमा छुट्टाइएको बजेट पोहोर १ करोड छुट्टाइयो, अघि नै यहाँ कुरा उठिसकेको छ । त्यो १ करोड रुपैयाँ कहाँ कसरी खर्च भयो ? मैले अस्ति सुने, अर्थ मन्त्रालयले बजेट रोक्का भयो भने । आज त्यो सबैभन्दा निमुखा महिला दलितहरुको बजेट यही कोरोनाको कारणले रोकिन पर्ने कारणहरु के हो ? यसले सरकारले जवाफ दिन पर्छ भन्ने मैले आग्रह गर्न चाहन्छु ।

अर्को कुरा, कृषिमा आत्मनिर्भरताको कुरा राखिएको छ । कृषिमा आत्मनिर्भर गर्नको निम्ति आज धनी र जग्गा हुनुले मात्रै कृषिमा आत्मनिर्भर गर्ने हो कि ? जग्गा नभएको सुकुम्बासीले पनि जग्गाको व्यवस्था गरेर कृषिमा आत्मनिर्भर गर्ने हो ? कि सुकुम्बासीको लागि यो बजेटले बोल्न पर्दैन ? त्यसकारणले यस्को पनि सरकारसँग म जवाफ माग्दछु र सुकुमबासीप्रति र गरिबप्रति सरकार उदाशिनता बेचिएको हो कि भन्ने मलाई लागेकोछ त्यसकारण आगामी दिनमा यो बजेट हाम्रो रातो किताब आउँदाखेरिमा कमसेकम

सुकुमबासीलाई पनि सम्बोधन हुने गरी आओस् भन्ने म राख्न चाहन्छु । अर्को कुरा सरकारले सबै कुरा तयारी छ भनेर पटक पटक माननीय मुख्यमन्त्रीज्यूले पनि भन्नु भाको छ , सबै तयारी छ भनिएको छ तर आज क्वारेन्टाइनमा बस्ने आइसोलेसनमा बस्ने हरेक क्षेत्रमा बस्ने आज गरिब बिरामीहरुको अफ्ठेरो अवस्था २०/ २५ दिनसम्म उनीहरु पिसिआर टेस्ट जाँच नभएको कारणले उनीहरुको रिपोर्ट नआएको कारणले उनीहरु २५ दिनसम्म, ३० दिनसम्म बस्नुपर्ने अवस्था छ । यो सरकारको दायित्व र जिम्मेवारी हो । सरकारले यस्को दायित्व र जिम्मेवारी लिन पर्दैन ? त्यसकारणले म सरकारसँग आग्रह गर्न चाहन्छु । यो बजेट यसै कारणले गर्दाखेरीमा मैले यो किताबभित्र भएको कुरा भनेको हो मैले । मैले विरोधका लागिमात्र भनेको छैन । त्यसकारण यो यो बजेट पिपलपाते हुन खोज्यो कि भन्ने मलाई लाग्दछ माननीय सभामुखज्यू ।

चौंथो कुरा, प्रकृति, स्रोत साधन, गिट्टी बालुवाको सन्दर्भमा यहाँ माननीय मन्त्रीज्यूले भन्नु भाको छ, क्रसर उद्योगहरुको मापदण्ड बनाई नियमन गर्न भनिएको छ तर नियमित गर्ने त परै जाओस्, क्रसर उद्योगभित्र पस्ने हिम्मत पनि यो सरकारको छैन जस्तो लाग्छ किनभने यो क्रसर उद्योगमा सरकारकै आड र शब्दको आडमा उद्योगहरु संचालन गर्न अनियमित गर्न संचालन भएको छ, ३ वर्षदेखि यी उद्योगको हामीले कुरा उठाउँदै आका छांै । यल्लाई कानुन सम्मत् बनाऔं भनेका छौं तर सरकारले यसमा चुप लागेको बसेको अवस्था छ । त्यसकारण यो कसरी नियमन हुन्छ र कसरी हामीले कानुनको दायरामा ल्याउन सक्छौं । त्यसबारे मलाई लाग्छ, यो कानुनको दायरामा सरकारले ल्याउन सक्छ जस्तो मलाई लाग्दैन, सभामुख महोदय ।

अर्को कुरा भ्रष्टाचारको कुरा उठेको छ र भ्रष्टाचारलाई हामीले शून्यतामा झर्ने भनेका छौं ।मलाई लाग्छ गत सालको बजेट झण्डैझण्डै पुँजीगततर्फ झण्डै झण्डै पौने २० अरब आको थियो । २० अरबमध्ये ७ अरब खर्च हुन नसकेर बचेको अवस्था छ भने आज पुँजीगततर्फको खर्च १२ अरब १२ अरब २८ करोड जति हाम्रो चालु खर्च थियो तर मलाई विचित्र लागेको कुरा के छ भने यो चालु खर्चमा कित केही पैसा बच्न पछ्र्यो

होला । कि केही पैसा अपुग हुन पञ्यो होला बराबर कसरी भयो यो ? त्यसकारणले गर्दा यो कागज र डकुमेन्टहरु यसलाई संस्थागत भ्रष्टाचार भयो कि भन्ने मलाई लाग्दछ। त्यसकारण यो भ्रष्टाचार किनभने यो भ्रष्टाचारले अति नै जरो गाडेको कारणले गर्दाखेरीमा यो भ्रष्टाचारको शुन्यता हुन्छ भन्ने मलाई लाग्दैन । यो सरकारले किताबमा मात्रै उल्लेख गरेको जस्तो मलाई लाग्छ त्यसकारणले गर्दा खेरीमा पनि आगामी दिनमा यसलाई विचार गरियोस् भन्ने आग्रह गर्न चाहन्छु ।

माननीय सभामुखज्यू,

अब मैले थोरै सुझावहरु राख्न चाहन्छु । अब जिल्ला समन्वय समितिलाई हामीले एउटा एउटा संस्थाको रुपमा हेरेका छौं । यो संस्थालाई सक्रिय र हामीले अनुगमनको लागि बजेटहरुको व्यवस्था होस भन्ने म अझै राम्रो बजेटको व्यवस्था होस् भन्ने म आग्रह गर्न चाहन्छु ।

अर्को कुरा जसरी अहिले हस्पिटलहरुको स्तरोन्तति प्रगति गर्ने कुराहरु आको छ, विशेषगरेर दमौली जिल्ला अस्पतालको सन्दर्भमा आज तनहुँ जिल्लाको राजमार्ग जोडिएको, तीन चार सयभन्दा बढी बिरामी त्यहाँ उपचारको लागि आउने त्यस्तो हस्पिटललाई यो प्रदेश सरकारको नजर पर्न सकेको छैन । त्यसकारणले त्यो हस्पिटलको लागि बजेटको व्यवस्था मिलाई त्यसलाई प्राथमिकतामा राखिओस् भन्दै आफ्ना भनाइ अन्त्य गर्छु धन्यवाद जयनेपाल ।

**माननीय सभामुख**

माननीय श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु । यसपछि तयारी हुनलाई माननीय श्री भागवत् प्रकाश मल्ललाई तयारी हुन ।

**माननीय प्रभा कोइराला**

माननीय सभामुख महोदय, यतिबेला म गण्डकी प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्यूबाट पेश भएको आर्थिक वर्ष २००७७/०७८ को बजेट माथिको छलफलमा भाग लिइरहेको छु ।

म यतिबेला देशमा विभिन्न कालखण्डमा शरीर बलिदानी गर्ने आदरणीय सहिदहरुप्रति हार्दिक सम्मान सहित श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । घाइतेहरुको स्वास्थ्य लाभको कामना गर्दछु । कोरोना भाइरस कोभिड १९ का कारण स्वदेश तथा विदेशमा मृत्यु हुने सबैमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । सबै बिरामीहरुप्रति स्वास्थ्य लाभको कामना गर्दछु ।

सबै आदरणीय अग्रजहरुप्रति सम्मान व्यक्त गर्दछु । गत शनिबार राति भारी वर्षाका कारण आएको पहिरोमा परी पर्वत जिल्ला कुष्मा नगरपालिका वडा नम्बर ३ दुर्लुङ ढकालबारीमा माननीय क्षतिप्रति गहिरो दुःख प्रकट गर्दै समवेदना व्यक्त गर्दछु । कोभिड १९का विरुद्ध अग्रपंक्तिमा रहेर उपचारमा डटेर खट्नु हुने सबै तहका स्वास्थ्यकर्मीहरु प्रति स्वास्थ्यकर्मी, सुरक्षाकर्मी सबै तहका जनप्रतिनिधिहरु, कर्मचारी, नागरिक समाज, संचारकर्मीहरुप्रति सम्मान सहित धन्यवाद व्यक्त गर्दछु ।

सभामुख महोदय, यो बजेट सरकारको नीति तथा कार्यक्रम अनुरुप आएकोछ । यसले सबै क्षेत्र समेटेको छ । अहिले हाम्रो सामु खडा भएको यो चुनौतीलाई सामना गर्नु, यो चुनौतीालई अवसरको रुपमा लिएर अगाडि बढ्दै समृद्ध नेपाल, सुखी नेपालीको महान् अभियानलाई सफल पार्नु बजेट अध्ययन गर्दा बजेट प्रगतिशील जनपक्षीय छ । यो बजेटले राखेका प्राथमिकता जनहितकारी छन् । यसका लागि म प्रदेश सरकार र माननीय अर्थमन्त्री ज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

शान्ति, स्थिरता र विकास हाम्रो तत्कालीन लक्ष्य हो भने सामन्तवादका अवशेषहरुको अन्त्य संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र समाजवादमा रुपान्तरण हाम्रो दीर्घकालीन लक्ष्य हो । यो लक्ष्य प्राप्तिका लागि हामीले संघीयता, समानुपातिक

समावेशीकरणलाई कार्यान्वयन गरेर सबै काल सबै खालका भेदभावको अन्त्य गरी समानतामा आधारित समतामूलक लोक लोककल्याणकारी समाजको स्थापना गर्ने नै हो।

सभामुख महोदय, संकटग्रस्त अर्थतन्त्रलाई गतिशील र चलायमान बनाउने दायित्व सरकारको हो । यसैले सरकारको आयोजनालाई द्रुतता पाएको छ । भौतिक पूर्वाधारको द्रूत विकास , सामाजिक सुरक्षाको प्रत्याभूति, स्वतन्त्र र निष्पक्ष न्यायबाट नै लक्ष्य पूरा हुने विषय यसबाट संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार अहोरात्र लागिपरेका छन् । लक्ष्य पूरा गर्न सरकारले अगाडि सारेका समृद्ध प्रदेश, सुखी प्रदेशवासीको नारा कार्यान्वयनमा पूरा गर्नका लागि कार्यान्वयनमा जुटिरहेका छौं । हाम्रो सामु मानवीय स्वास्थ्यका स्वास्थ्यमा नोवेल कोरोना कोभिड १९ भाइरसको रोकथाम नियन्त्रण र उपचारलाई सरकारले पहिलो दायित्वको रुपमा लिएको छ र बजेटले यथेष्ट ध्यान पुऱ्याएको छ ।

सभामुख महोदय, पूर्व पश्चिम र उत्तर दक्षिण राजमार्ग, लोकमार्ग करिडोर र राजधानी जोड्ने प्रदेश र स्थानीय केन्द्र जोड्ने कतिपयले सडक बनिसकेका छन् र कति बन्दै छन् । हवाई जल यातायात विमानस्थल, पानी जहाज र रेल संचालनका काम धमाधम भइरहेका छन् । कृषि उत्पादन, पर्यटन विकास ऊर्जा उत्पादनमा पर्याप्त काम भइरहेका छन् । वृद्ध अपांग, एकल महिला र बालबालिकाको सुरक्षा योगदानमा आधारित सामाजिक सुरक्षा, कृषि विमा स्वास्थ्य बिमा खेलाडीलाई प्रोत्साहन, निवृत्त र राष्ट्र सेवकहरुको सिपको सदुपयोग र वैदेशिक रोजगारमा रहेको सुरक्षा र स्वदेश फर्केका युवालाई रोजगारीको समेत व्यवस्था गर्ने । कोभिडका कारण धरायसी भएका व्यवसायीहरु, पर्यटन व्यवसायीहरुलाई पुनर्जीवन दिने विशेष कार्यक्रम संचालन गर्ने विषयमा बजेटले राम्रो सँग बोलेको छ ।

सभामुख महोदय, अब नेपाल कृषि खाद्य र वैकल्पिक ऊर्जामा आत्मनिर्भर हुँदैछ । मलाई गर्व लागिरहेको छ । रोजगारीका अवसरहरु दिनानुदिन कानुनी र व्यवहारिक हिसाबले सर्वसुलभ बन्दै छन् । विश्व महामारीको समयमा आएको कोरोना भाइरस

रोकथाम  र नियन्त्रण र उपचारमा सरकार कमजोर छैन भन्ने मैले महसुस गरिरहेको छु। करको दायरा वृद्धि गर्ने र आन्तरिक राजस्व वृद्धि गर्ने गैरकर प्रभावकारी बनाउने विषय महत्वपूर्ण छ ।

सरकार हेर्ने, हामीले अहिलेसम्म धेरै थरि सरकार हेरिसक्यौं । धेरै थरिका सरकारहरु पनि भोगि पनि सक्यौं । धेरै थरिलाई राम्रोसँग चिनि पनि सकेका छौं । यतिबेला मलाई के लाग्छ भने बानी पनि कस्तो परिसकेछ , हामी अरुलाई अर्ति र उपदेश दिँदा डोका भरि भरि अर्ति र उपदेश दिने आफूले लिँदाखेरि तीलको गेडासँग दाँजेर लिने, हाम्रो यो प्रवृत्तिले कहिलेसम्म थेग्न सकिएला ?

सभामुख महोदय,

देशमा विभिन्न प्रकारका चुनौतीका बादजुद समृद्धिको लक्ष्य तर्फ निरन्तर अगाडि बढ्नु। कम्युनिष्ट पार्टीको सरकारको यसको नेतृत्व गर्नु हुने नेकपाका अध्यक्ष आदरणीय केपी शर्मा ओलीको कुशल नेतृत्व अद्धितीय क्षमता र कुटनीतिक व्यक्तित्व र पार्टी नेता मन्त्री प्रदेश सरकार, स्थानीय तहका सबै जनप्रतिनिधिहरुको सहयोगले नै हो । म यसमा अत्यन्त गर्व गर्न गर्दछु । साथमा म धन्यवाद पनि व्यक्त गर्न चाहन्छु । राष्ट्र र राष्ट्रियताको सवालमा कोरोना महामारीको विरुद्धमा सबै राजनीतिक दल र नेता कार्यकर्ता जनता सामामाजिक संघसंस्था र नागरिक समाजले पुऱ्याएको अद्धितीय एकताका लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय,

नेपालको जन, सभामुख महोदय, अलिकति सुझाव राख्न मन लाग्यो । नेपालको जनसंख्याको आधीभन्दा बढी हिस्सा ओगटेको महिला क्षेत्र । यो महिला क्षेत्रको लागि व्यवस्थापन गर्नको लागि महिलाहरुलाई हरेक क्षेत्रमा कुशल नेतृत्वदायी बनाएर अगाडि बढाउनको लागि महिला समाजले मात्रै महिलाहरुको विषय कुरा उठाउनु पर्दा खेरी मलाई दुःख लागेको छ । महिलाहरुको विषय अब पुरुषहरुले उठाउनुपर्छ । किनभने महिला एउटा रथ एउटाको पाङग्रा । दुई वटा हुन्छ । २ वटा पाङ्ग्रामध्ये एउटा

पाङ्ग्रा महिला, एउटा पाङ्ग्रा पुरुष हो । एउटा पाङ्ग्रा सवल र एउटा पाङ्ग्रा असफल भएमा देशको विकास र अग्रगति अगाडि बढ्न सक्छ जस्तो मैले महसुस गरिरहेको छैन यसर्थ महिलाको उन्नयनको लागि छुट्टाइएका बजेटहरु नितान्त महिलाको लागि भनेर छुट्याउनु पर्ने आजको आवश्यकता छ । हामीले महिला क्षेत्रमा काम गर्दै आयौं । धेरै वर्ष काम गर्दै आयौं । यो हाम्रो अनुभव बोलिरहेको हो । व्यक्तिगत रुपमा बोल्ने मन छैन भन्ने मैले राख्न चाहन्छु

र मानव संशाधनका विषयहरुलाई अलिकति ध्यान दिन पर्छ भन्ने मैले महसुस गरेको छु र ज्येष्ठ नागरिकहरुका लागि धेरै विषयमा हामीले सम्बोधन गरेका छौ । अब यातायातका क्षेत्रमा ज्येष्ठ नागरिकहरु कुर्दै गर्दाखेरि यातायात क्षेत्र पनि ज्येष्ठ नागरिकको लागि निःशुल्क गर्न सक्यौ भने अलि राम्रो हुन्छ भन्ने मलाई लागेको छ । यति भन्दै गर्दा हामीले बनाएका कार्ययोजनाहरु काम गर्दा अलिकति ढिलो भइरहेको छ । यो कहाँ नेर हामी चुकेका छौ । चुकेका ठाउँ भेटाउने गरी हामी लाग्न पर्छ । अबका दिनहरुमा हामी चुक्न हुँदैन भन्न विषय राख्दै मेरा भनाइ यही अन्त्य गर्ने अनुमति चाहन्छु धन्यवाद नमस्कार ।

**माननीय सभामुख**

माननीय श्री भागवत् प्रकाश मल्ललाई छलफलमा भाग लिन समय दिन्छु । तयारीका लागि माननीय श्री दीपक कोइरालालाई ।

**माननीय भागवत प्रकाश मल्ल**

मानीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष ०७७/०७८ का लागि घोषणा गरेको बजेट माथिको छलफलमा हामी जुटिरहेका छौं र म यस बजेटप्रति आफ्नो भनाइ र राय सुझाव अनि जिज्ञासा राख्न चाहन्छु ।

माननीय सभामुख महोदय,

गत वर्षको आर्थिक वर्षमा वार्षिक विकास कार्यक्रम खर्च गर्न किन सकिएन ? विकास निर्माण पुगेर हो या समृद्ध नचाहेर हो ? यसका लागि मन्त्री, मन्त्रालय हुँदै कार्यान्वयन गर्ने सरकार निकाय किन अल्मलिएका छन् ? बुझ्न सकिएको छैन ।

माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यूहरुको सचिवज्यूहरुको या अन्य कर्मचारीहरुको बेमेल या कुनै कार्यविधि ऐन कानूनले रोकेको हो ? कि सरकारभित्रै पनि माननीय मन्त्रीज्यूहरुले कार्य नगर भनेको हो बुझ्न सकिएको छैन । कर्मचारीहरुले सरकारलाई असहयोग गरेको हो कि त्यो पनि बुझ्न सकिएको छैन ।

माननीय सभामुख महोदय, त्यस्तै एउटा उदाहरण दिन चाहन्छु । उदाहरणको लागि स्याङ्जाको क्षेत्र नम्बर २ (ख) गल्याङ नगरपालिका वडा नम्बर २ मा वार्षिक कार्यक्रम कार्यक्रममा ३ वर्ष अघिदेखि एउटा मनकामना सिँचाइ योजना भन्ने ५६ लाख स्वीकृत भइ विगतको वर्षमा उपभोक्ता समिति मार्फत झण्डै २५ लाख बराबरको काम गर्दा समेत भुक्तानी नदिइएको र यो योजनाको डिजाइन परिवर्तन गर्नुपर्छ भन्दै पटक पटक सम्बन्धित निकायले डिजाइन परिवर्तन गरेर मन्त्रालयमा पठाइएको तर मन्त्री र मन्त्रालय यस विषयमा केही जानकारी नभएको भन्नु विकासप्रति कति कमजोर छ, यस घटनाले छर्लङ्ग पारेको छ । यस विषयमा प्रदेश सरकार गैर जिम्मेवार बनेको छ र समृद्ध कसरी आउँछ भन्ने यसले छर्लङ्ग पारेको छ ।

त्यस्तै यो काम नगरेको उदाहरण एउटा मात्र हो । यस्ता धेरै छन् । सभामुख महोदय, आधारभूत खानेपानी योजना पूरा गर्न नसक्ने सरकारले एक घर एक धारा कार्यक्रम कसरी सम्पन्न गर्छ ? आधारभूत खानेपानीमा समेतमा बजेट पूर्ण छैन । कसरी पूरा गर्न सकिन्छ ? त्यस्तै, एक निर्वाचन एक कार्यक्रम अन्तर्गत ३६ वटा सडकमध्ये प्रगतिमध्ये ३३ वटा मात्र देखाइएको छ तर हाम्रो यो स्याङ्जाको २ वटा सडकको सुरुआती प्रक्रिया समेत जान सक्या छैन । त्यस्तै प्रदेशका अन्य जिल्लाहरुमा सडकहरुको हालत पनि उस्तै छ । प्रदेश सरकारको नीति अनुसार घोषित सडकहरुलाई ५ वर्षमा सकिने भनेर सुरुमै अलमल पर्ने सडक कसरी पूरा हुन सकिन्छ

यसमा पनि शंका छ । यसमा बजेट पनि पूरा छैन । त्यस्तै सभामुख महोदय, प्रदेश सरकारले एक स्थानीय तह, एक खेल मैदान भनेको छ , विषयगत मन्त्रालयलाई बजेट पनि गएको छ । बजेट अनुसार कही कतै काम भएको देखिदैन । कहाँ खर्च भयो ? सरकारलाई बजेट कार्यान्वयनका लागि प्रभावकारी भूमिका निर्वाह गर्न बजेट अनुसार नतिजा नतिजा देखाउन आग्रह गर्दछु । त्यस्तै सभामुख महोदय, प्रदेश सरकारका बजेटको स्रोतको हिसाबले महत्वपूर्ण रुपमा सवारी करलाई लिइएको छ तर कर लिने उनीहरुको सेवा सुविधा हिसाबमा सरकार बजेट मौन छ । कोरोना भाइरसबाट आक्रान्त सवारी क्षेत्रलाई आवश्यक सुविधाबाट समेत वंचित गरिएको छ । सरकारले संचालन गर्न नसकेको यातायात क्षेत्रमा अर्बौं लगानी गरेको व्यवसायलाई बजेटले सम्बोधन गर्न सकेन । लकडाउनको अवधिमा सवारी कर यातायात व्यवसायीलाई ६० दिनमा मात्र नवीकरण शुल्क छुट द्या छ । त्यस्तै लकडाउनको अवधिमा यो यातायात क्षेत्रमा निजी क्षेत्रले पुऱ्याएको योगदानको मूल्यांकन गर्न त सकेको छैन । सरकारले कसरी सुविधा प्रदान गर्न सक्छ ? यो गम्भीर विषय बनेको छ ।

त्यस्तै, सभामुख महोदय, प्रदेश नीति तथा योजना आयोगको लागि गत वर्ष ०७६/०७७ मा चार करोड चार करोड ३ लाख ५० हजार त यस वर्ष चाहिँ चार करोड २५ लाख ५० हजार चाहिँ पैसा छुट्टाइएको र अहिले यो २२ लाख रुपैयाँ बढी विनियोजित गरेको देखिया छ तर यो योजना त आयो, यले संघीय सरकार र प्रदेश सरका बीच समन्वय गराउने योजना आयो ? के गरिराख्या ठोस काम गरेको देखिया छैन । त्यस्तै, यो आयोगले त्रुटिपूर्ण रहेको यो पञ्चवर्षीयको पुस्तक बनाउने बाहेकका अन्य काम गरेको देखिँदैन । यो आयोगले तलब खाने र बस्नेभन्दा अर्को देखिएको छैन ।

त्यस्तै सभामुख महोदय, यो अस्ति मात्रै हाम्रो प्रदेश गण्डकी प्रदेश र ५ नम्बर प्रदेश जोड्ने सिद्धार्थ राजमार्ग र यो कालीगण्डकीको रामदी नाकामा एउटा पुल छ । पुरानो एउटा पुल छ । जीर्ण पुल छ । त्यो हाम्रो पिङजस्तो हल्लि हल्लिन्छ, त्यो पुल । त्यो पुल पटक पटक यहाँ हामीले आवाज उठायौं । त माननीयमन्त्रीज्यूले सम्बन्धित संघीय सरकारलाई अनुरोध गर्नुपर्छ तपाईहरु बुझेर कुरा गर्नोस् भन्नुभयो तर यो नीति तथा

योजना आयोगले यलाई समन्वय गरेर, संघसँग समन्वय गरेर, एउटा अगाडि बढाउने काम यसले गरेन र अस्ति मात्रै माननीय मुख्यमन्त्रीज्यू उक्त पुलको बीच भागमा उभिएर पुल कस्तो छ भनेर अनुभव गर्नु भएको चाहिँ छ ।

त्यस्तै, सभामुख महोदय,

प्रदेश सरकार मुख्य आयश्रोत घरजग्गा लगायतका विभिन्न करका शुल्क, सवारीसाधन कर, कृषिमा आय कर, पर्यटन सम्बन्धी कर, निर्माण कार्यमा प्रयोग हुने दहत्तर बहत्तर खानी तथा नदीजन्य बस्तुको शुल्क रहेको देखिन्छ । बजेटको आकार बनाउन शुल्क लिने तर उनीहरुको समृद्ध विकासमा ध्यान दिएको देखिएन ।

त्यस्तै, सरकारको कुल बजेट छ, ०७७/०७८ को ३४ अरब ८४ करोड देखियो । यसमा अपुग बजेट ९ अरब देखिएको छ । । त्यस्तै गत वर्ष खर्च नभएको ७ अरब। प्रदेशको आन्तरिक ऋृणबाट चाहिँ १ अरब र, संघीय सरकारबाट ऋृण लिने देखाइएको छ । गत वर्षको योजना पूरा नगरी ७ अरब बचत सफल गर्न भएकोमा सवाल त सफलता प्राप्त गर्ने विषयगत मन्त्रीज्यूहरु र विषयगत मन्त्रालयलाई म कुन शब्दमा धन्यवाद दिऔं ? विकास नगरी समृद्ध आउँदैन, सभामुख महोदय । त्यस्तै भौतिक पूर्वाधार मन्त्रालयको बजेट १४ अरब ४६ करोड ३४ लाख देखिएको छ । उक्त मन्त्रालयमा गत वर्षभन्दा १ अरब ४८ करोड चाहिँ यो वर्ष कम देखिया छ । त्यस्तै गरी उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय १ अरब ८४ करोड ६८ लाख देखिन्छ । भूमि व्यवस्था तथा कृषि मन्त्रालयको ३ अरब १६ करोड १० लाख विनियोजित गरेको पाइयो तर सार्वजनिक महत्वका विकासका निर्माणहरु खानेपानी ढल, सिँचाइ, पक्की पुल, झोलुङ्गे पुल, सडक, विद्यालयमा गरिने विकासका काम, विकासहरु, यो पर्यटन सम्बन्धी होम स्टे सम्पन्न गरेपछि निर्माण कम्पनीसँग सम्झौता गरे वापत यसलाई साइनिङ एमाउन्ट भन्छ २ पर्सेन्ट चाहिँ लिने गरिएको छ र काम सम्पन्न गरेपछि १० देखि १२ पर्सेन्टसम्म र उपभोक्ता समिति मार्फत हुने काम १८ देखि २० पर्सेन्ट भ्रष्टाचार गरिएको छ । यसलाई सभ्य भाषामा 'ह्वाइट मनि ह्वाइट मनि पनि भनिन्छ ।

नीतिगत रुपमा हुने यस्ता भ्रष्टाचार प्रवृत्तिको अन्त्य गर्न सके र भ्रष्टाचारमा शून्यता ल्याउन सके प्रदेश सरकारको बजेट ऋण हुँदैनथ्यो । मलाई के लाग्छ भने यो चार ओटा मन्त्रालय अन्तर्गतका जति बजेटका शीर्षक छन्, यो भ्रष्टाचारबाट आउने रकम रोक्न सक्यो भने यो संघसँग पनि हैन, यो प्रदेशसँग पनि चाहिँ ऋणमुक्त हुन्छ । त्यसैले माननीय सभामुख महोदय, मैले के ध्यान आकृष्ट गर्न चाहन्छु भने यो बजेट वक्तव्यको सुशासन तथा शासकीय क्षेत्र भन्ने शीर्षकमा बुँदा नम्बर १४६ मा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति भनेकोछ । यो प्रदेश सरकारले हटाओस् किनभने यहाँ भ्रष्टाचारमुक्त छैन । यो गैरजिम्मेवार छ त्यसो हुनाले यो नीति केरे यो भ्रष्टाचार सम्बन्धी हटाओस् भन्दै प्रदेश सरकारलाई अपिल गर्दै मेरो आफ्नो भनाइ अन्त्य गर्छु धन्यबाद जय नेपाल ।

## माननीय सभामुख

माननीय श्री दीपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु । यस पछि तयारी माननीय श्री ललितकला गुरुङलाई ।

### माननीय दीपक कोइराला

माननीय सभामुख महोदय, असार १ गते माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले आर्थिक वर्ष ०७७/०७८ को लागि पेस गर्नुभएको राजश्व र व्ययको वार्षिक अनुमान माथि हामी छलफल गरिराखेका छौं । छलफलको हामी दोस्रो दिनमा छौ ।

सर्वप्रथम म यो मानव जाति र विश्व मानव सभ्यता माथि चुनौती खडा गरिरहेको कोभिड १९ को महामारीमा पनि निकै मेहनत गरेर बजेटको आकारमा समेत वृद्धि गर्दै राजश्व संकलनको दायरा समेत बढाएर सबै क्षेत्रलाई सन्तुलित कायम राख्दै मुख्यतः फेरिएको हाम्रो प्राथमिकता स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी जस्ता विषयलाई केन्द्रित रहँदै पुँजी र बजारलाई छिटोभन्दा छिटो कसरी चलायमान बनाउन सकिन्छ भन्ने समेत ध्यानमा राख्दै निर्माण हुँदै गरेका भौतिक पूर्वाधारलाई निरन्तरताका साथ आएको यो बजेट समग्रतामा यो प्रदेशलाई समृद्ध प्रदेश, सुखी नागरिकको नारालाई सार्थक बनाउने गरी नै आएको छ

भन्ने ठान्दछु र त्यसको पूर्ण समर्थन गर्दछु र आर्थिक मामिला तथा योजना मन्त्रालयलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

माननीय सभामुख महोदय, यो बजेटको आकार ३४ अरब ४८ करोड २१ लाख ६० हजार छ । जसमा चालु खर्च १४ अरब ३४ करोड २६ लाख ८४ हजारको छ । यसरी हेर्दा पुँजीगत खर्च १९ अरब ९९ करोड पुँजीगत खर्च १९ अरब ९९ करोड ९४ लाख ७६ हजार छ । अब यसरी हेर्दा यो बजेटको चालु खर्च चालु खर्चमा विनियोजित रकम यहाँ बजेट ४१.२ प्रतिशत हुन आउँछ  र पुँजीगत खर्चमा ५७.७ प्रतिशत र वित्तीय व्यवस्थापनमा १४ प्रतिशत रहेको छ ।

अब, अब अघिल्लो, अघिल्लो आर्थिक वर्षको बजेटलाई हेर्दा, हाम्रो अघिल्लो आर्थिक वर्षको बजेटमा चालुमा २९ प्रतिशत चालु खर्च २९ प्रतिशत र पुँजी पुजीगत खर्च पुँजीगत खर्चतर्फको विनियोजन प्रतिशत भनेको ६६ प्रतिशत रहेको छ । वित्तीय व्यवस्थापनमा ५ प्रतिशत छ । अब यसरी हेर्दा हामीले चालु खर्च घटाउने लक्ष्य हाम्रो बजेटले लिँदालिँदै पनि फेरि विभिन्न बाध्यताका कारण विभिन्न नयाँ संरचनाहरुका कारण हामी चालु खर्च चालु खर्चमै वृद्धि गरिरहेका छौं । चालु खर्च नै वृद्धि देखियो । किनकि झण्डै १२ प्रतिशतले यो आर्थिक वर्षको चालु खर्च बढेको छ । हामीले खाली कर्मचारीको अतिरिक्त भत्ता घटाएर मात्रै चालु खर्च घटाउने कोशिस त हामीले गऱ्यौं तर त्यले मात्रै हाम्रो चालु खर्च घटेन  त्यसकारण हामीले अझै हामीले चालू खर्चलाई घटाउने कुरा केसँग सम्बन्धित छ जस्तो मलाई लाग्छ अथवा हाम्रो पुँजीगत खर्चलाई बढाउने कुरा केसँग सम्बन्धित जस्तो लाग्छ भने हाम्रो आन्तरिक राजस्व या आन्तरिक चाहिने राजश्व या आन्तरिक हामीले हाम्रो आम्दानीलाई वृद्धि गर्नुपर्ने कुरा । यो बजेटले त्यो कुरालाई पनि वृद्धि गरेको छ । त्यसको आकारलाई पनि वृद्धि गरेको छ । खै र बजेटको सिंगो आकार बढेको छ,  अरु सबै कुराहरु छन्, मैले यसको पृष्ठभूमिमा धेरै कुरा भनेको छु तर पनि चालु खर्च अझै घटाउन सकेनौं कि यसलाई हामीले अझै ध्यान दिनुपर्ने आवश्यकता म महसुस गरिरहेको छ  किनभने हामीले चालु खर्च घटाउने भन्यौं भन्दाभन्दै पनि हाम्रो चालु खर्च १२ % जतिले बढ्यो । हुन त म अर्थशास्त्रको विद्यार्थी

पनि होइन, यतिधेरै यसको बारेमा जान्दिनँ तैपनि सिधा हिसाबले भन्दा हाम्रो चालु खर्च यसपटक बढेर गएको छ । अब त्यो चालु खर्चले हामीले ती चालु खर्चले आगामी दिनमा हाम्रो प्रदेशको आम्दानीमा या हाम्रो राजश्वमा वृद्धि गर्न सक्दछौं भन्दा आगामी वर्षको बजेट अझै यो भन्दा राम्रो भएर आउने छ, त्यसको अपेक्षा गर्दुछ, त्यसमा म विश्वास गर्दछु त्यसकारण हामीले यो समग्र बजेटलाई हेर्दा, यसको कार्यक्रमको हिसाबले कार्यक्रमिक हिसाबले हेर्दा हामीले समग्रतामा हेर्दा, हाम्रा सबै कार्यक्रमहरु जुन रुपमा आएका छन्, त्यो कार्यक्रमहरु राम्रो रुपमा आएको छ मैले यसको पृष्ठभूमिमा पनि भने। यो बजेट कार्यान्वयन गरेर लक्ष्य हासिल गर्न कडा मेहनत गर्नुपर्ने देखिन्छ । हुन त यसको दायरा जति फराकिलो बनायो, त्यति नै धेरै मेहनत गर्ने हो त्यसकारणले पनि यसको यो त्यो रुपमा आएको हुनुपर्दछ । कार्यक्रम कार्यक्रमिक हिसाबले समीक्षा गर्दा यो बजेट भलै कोरोना नै कै कारणले किन नहोस् स्वास्थ्यमा विशेष यले स्वास्थ्य क्षेत्रलाई प्राथमिकताको सूचीको नम्बर १ मा ल्याईदिएको छ, यो सकारात्मक पक्ष हो । मैले सुरुमा नै भनेकी परिस्थितिले हामीलाई प्राथमिकता फेर्ने ठाउँमा पुऱ्यायो, खैर जसरी पुगे पनि हामी ठिक ठाउँमा पुग्यौं र सही ठाउँमा पुग्यौं । जसले गर्दा हामीलाई समाजवादको दिशातर्फ अगाडि लानको लागि महत्वपूर्ण योगदान गर्दछ भन्ने म ठान्दछु किनकि हाम्रा आधारभूत आवश्यकता भित्र पर्ने स्वास्थ्य क्षेत्र त कम्तीमा हामीले त्यसलाई हामीले विशेष प्राथमिकतामा राखेर स्वास्थ्य क्षेत्रलाई हामीले ग्यारेन्टी गर्दै जाने भयौ नि त भनेपछि त्यसकारणले यो हाम्रो जुन प्राथमिकता फेरिएको छ, यसले स्वास्थ्य क्षेत्रमा, शिक्षा क्षेत्रमा सुदृढीकरण गर्दै लैजाने कारणले या त्यो दिशातिर यो बजेटले हामीलाई अगाडि बढाएको छ भने हामी समाजवादका आधारहरु तयार गर्न सक्छौं भन्ने नै मलाई लाग्दछ ।

कृषि त्यसपछि अर्को क्षेत्र हो, कृषि क्षेत्र । कृषिलाई उत्पादनसँग जोड्ने र रोजगारी सँग जोड्ने र उद्योगसँग जोड्ने र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने । लक्ष्य जुन यो बजेटले लिएको छ, त्यो एउटा राम्रो पक्ष हो । कि जसले हाम्रो मुलुकलाई समृद्ध बनाउनका लागि हामीले तय गर्नुपर्ने कृषि क्षेत्र नै सबभन्दा बलियो सम्भावना बोकेको

क्षेत्र हो । कि आजको दिनमा हामी मैले धेरै पटक यो रोस्टममा भनेको छु, हामीले यति संसारसँग आज प्रतिस्पर्धा गर्न सक्ने कुनै क्षेत्र छ भने त्यो कृषिको क्षेत्र हो । उत्पादनको क्षेत्र हो त्यसकारणले त्यसले हामीलाई आत्मनिर्भरतातिर लैजान्छ । आत्मनिर्भरता दिन्छ, जसले हाम्रो देशको समग्र अर्थतन्त्र, हाम्रो प्रदेशको अर्थतन्त्र पनि खासगरीकन संघीय सरकारको अर्थतन्त्रसँग नै जोडिएको छ । त्यसकारण मुख्यतः हाम्रो भन्सारमा संकलन हुने राजश्व र रेमिट्यान्यले बढ्ने गर्छ । तर यो कुराले आज हामीले जे कुरा भनेको छौं, कृषि क्षेत्रमा जुन ढंगले लगानी गर्न खोजेका छौं । या उत्पादनको जुन ढंगले वृद्धि गर्ने भनेका छौं । या, रोजगारी जुन ढंगले सिर्जना गर्ने भनेर भनेका छौं, हामीलाई बिस्तारै आत्मनिर्भरतातिर लैजान्छ। त्यतिमात्र होइन, हाम्रो आत्मनिर्भरताको अर्थ यो हो कि हामी आयात विस्थापित गर्छौं र निर्याततिर जान्छौं । हामीले निर्यात गर्नुको यो अर्थ हो कि हामी व्यापार घाटा घटाउँछौं । व्यापार घाटा घट्नुको अर्थ यो हो कि हाम्रो बजार मूल्य घटाउँछौ र हाम्रा नागरिकलाई सस्तोमा हामीले बजार मूल्यमा सामानहरु दिन सक्छौ भने यले समग्रतामा यसरी यसको एउटा चाहिने यो अन्तर सम्बन्धित भएको भएर यो बजेट आएको छ त्यसकारण सिद्धान्ततः यो बजेट समाजवादतिर उन्मुख छ भन्ने नै म ठान्दछु त्यसकारण हाम्रो बजारको महँगी घट्छ, आदि इत्यादि यसले धेरै काम गर्दछ । यसले समृद्ध बनाउने लक्ष्यलाई हामी अगाडि जान सक्दछौं । अब आजको दिनको अर्थतन्त्र कसरी चलायमान बनाउन सकिन्छ भन्ने कुरा पनि यो बजेटले राम्रोसँग भन्न खोजेको छ । भनेपछि यसले विभिन्न खालका उद्योग कलकारखाना या हाम्रो कृषि क्षेत्रको राहतको कुरा या पर्यटन क्षेत्रलाई कसरी माथि उठाउन सकिन्छ भन्ने कुरादेखि लिएर यी कुराहरुले आजको अर्थतन्त्र कसरी अगाडि बढाउन सकिन्छ भन्ने कुरालाई भनेको छ । विश्वविद्यालयको माध्यमबाट आजको विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्न होस् वा प्रवद्र्धन गर्ने कुरा होस्, उद्योग र आपूर्तिका कुरा हुन् या वन, वातावरण र विज्ञान प्रविधिदेखि यातायातको व्यवस्थापनसम्म सहरीकरण वा स्याटालाइट सिटी निर्माण गर्ने जस्ता कुरा होस् । बाटो पुलजस्ता भौतिक पूर्वाधारलाई निरन्तरता दिने कुरा होस् । यो शान्ति सुरक्षा र

शासकीय सुधारको कुरा होस् । व्यवस्थापन खानेपानी सिँचाइ आदि जे जति कुराहरु, युवा खेलकुद लगायतका कुराहरु जसरी यसले समेटेको छ, या बसपार्कहरु निर्माण गर्ने कुरा होस् या हस्पिटलहरु बनाउने कुरा होस्, यी सप्पै कुराले म यसको समग्रतामा केरे बुँदागत व्याख्यामा  गइनँ । यी सबै कार्यक्रमहरु हेर्दा लाग्छ, यो बजेट वक्तव्य या यो बजेट नीति खाली आगामी आर्थिक वर्षको सामान्य आय र व्ययको विवरणमात्र होइन, यसले सिंगै युगको प्रतिनिधित्व गर्नुपर्दछ । गर्नुपर्छ । यो खाली आज यो बजेट आउँदा, एक आर्थिक वर्षको लागि आउला तर यसले सिंगो युगको प्रतिनिधित्व गर्नुपर्छ, सिंगो व्यवस्थाको प्रतिनिधित्व गर्नुपर्छ  त्यसकारण यो सिंगै युगको प्रतिनिधित्व गर्दै यसले आफ्नो दिशालाई अगाडि बढाएको छ । खैर यसका कतिपय कुराहरु यसमा हामीले कार्यक्रमको निरन्तरता दिन, म यहाँ धेरै कुराहरु सुनेको छ, कार्यक्रम निरन्तर छ । निरन्तरतामा आयो । मलाई चाहिँ के लाग्दछ भने कार्यक्रम निरन्तरतामा आउनुपर्ने कार्यक्रमहरु अझै आएनन्, निरन्तरतामा आएनन् कार्यक्रमहरु छुट्दै गए, जस्तो, जस्तो अघिल्लो पटक हामीले फेवातालदेखि रुपातालसम्म मोनोरेलको सम्भाव्यताको कुरा गऱ्याथ्यौं । पहिले नै, केरे पहिले नै हाइड्रो सम्भावनाको कुरा, यस्ता मेरै उदाहरणमात्र भन्न खोजेको, यस्त धेरै कार्यक्रमहरुलाई हामीले निरन्तरता दिनुपर्ने हो । हाम्रो प्राथमिकताको सूची फेरिएको कारणले होला, त्यसमा मैले अन्यथा भन्न खो‍ेज्या होइन । त्यसकारणले यसले कार्यक्रम, कतिपय कार्यक्रमहरु जस्तो क्षमता अभिवृद्धि गर्ने मात्रै कार्यक्रमहरु हरेक वर्ष आइरहन्छ, जस्तो सहिद बेपत्ताहरुको परिवारलाई होस् क्षमता अभिवृद्धिको कुरा पनि यहाँ आएको छ । यसो गर्दा सधैं क्षमता अभिवृद्धि गरिरहन भन्दा नयाँ प्रोजेक्ट दिनुपऱ्यो, या उनीहरुको बालबच्चा या बुढा बाबुआमा छन्, उनीहरुको सधैं क्षमता अभिवृद्धिका कार्यक्रमले समेट्न सक्दैन । शिक्षा, स्वास्थ्य जस्ता आधारभूत कुराहरु त्यहाँ पुऱ्याउने कुरा छन्, हामीले विशेष ध्यान दिनु पर्छ । यस्ता कार्यक्रमहरु जुन आएका छन्, यस्ता अलि कार्यक्रमहरु हामी भन्दै आएका छौ , यो अलि एनजिओ टाइपका कार्यक्रमहरु बनाउँदा खेरी लक्ष्यतिर पुग्न सकिँदैन कि भन्नेखालको देखिएको छ । यसलाई यो कुरा राख्न चाहन्छु ।

अर्को कुरा चाहिँ हाम्रो हाम्रो कार्यशैलीमा परिवर्तन हुनु पर्दछ । म व्याख्या गर्दिनँ । धेरै पटक यहाँ भन्नुभएको छ, खासगरीकन अर्थ विकास समितिका माननीय सदस्यहरुले पनि धेरै चोटी यो कुरा भन्नु भएको छ, हामीले दश दश महिनासम्म किन हाम्रो प्रगति गर्न सकेनौ ? त हामीले अन्तिम २ महिनामा आज अन्तिम २ महिनामा मात्रै कोरोनाको कारणले हामीले खर्च गर्न सकेनौं भनेर भनिरहने हो भने हामीले बाँकी हुन त यो यो बजेट वक्तव्यले पनि त्यो कुरालाई सम्बोधन गरेको छ फेरि तर त्यसको कार्यान्वयन पक्षमा हामीले जे हाम्रा कार्यशैलीहरु परिवर्तन गर्नु पर्ने हो त्यो कार्यशैली हामीले परिवर्तन गर्न सक्या छैनौं । त्यहाँ कहाँ नेर समस्या छ ? यो बहस हुनुपर्छ । राजनीतिक नेतृत्वमा या ब्युरोक्रेटिक सिस्टममा । कहाँ नेर समस्या हो ? त्यहाँ समस्या कही न कही राजनीतिक नेतृत्वमा छ या व्यूरोक्रेटिक सिष्टममा छ, यसको चाहिँ खुला बहस हुनुपर्दछ भन्ने म ठान्दछु । किनकि यसले मात्रै यो बजेटको कार्यान्वयनको पक्षलाई सार्थकता या कार्यान्वयन समयमा कार्यान्वयन हुने कुराको चाहिने निर्कयौल गर्दछ या समयमा कार्यान्वयन हुन्छ । हामीले नीति कार्यक्रम, बजेटहरु बनाएर मात्रै समयमा कार्यान्वयन गर्न सकेनौं । अघिल्लो वर्षको ७ अरब ल्याएर हाम्रो बजेटको आकार बढाए जस्तै आगामी वर्ष पनि हामीले खर्च गर्न नसकेको बजेटलाई ल्याएर आकारमात्रै वृद्धि गर्‍यौं भने हाम्रो अर्थतन्त्रलाई सही ट्र्याकमा लान सक्दछौं यसकारण म आज यो यो सन्दर्भमा, यत्ति कुरा राख्न चाहन्छु कि हाम्रो समस्या कहाँनेर हो ? हाम्रो समस्या राजनीतिक नेतृत्वमा हो ? या हाम्रो समस्या ब्युरोक्रेटिक सिष्टममा हो ? यो चाहिँ बहस हुनै पर्दछ । यो बहस हामीले आगामी दिनमा गर्नै पर्दछ ।

यति कुरा राख्दछु र यो बजेटले समग्रतामा यो प्रदेशको आर्थिक ( माननीय सभामुखः माननीय सदस्य, समय सकियो) वृद्धिदरलाई समग्रतामा यो प्रदेशको समृद्धिलाई अगाडि बढाउने महत्वपूर्ण योगदान गर्दछ भन्ने लाग्दछ धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ललितकला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय ललितकला गुरुङ**

माननीय सभामुख महोदय, हामी आज विश्वसँगै कोभिड १९ को महामारीको पीडासँग जुधिरहेका छौं । हरेक दिन संक्रमितको संख्या घट्दो र बढ्दो र सुस्त गतिमा भए पनि कोरोना कारण मृत्यु हुनेको संख्या पनि वृद्धि हुँदै जानुले भविष्यमा थप चुनौतीको सामना गर्नुपर्ने निश्चित छ । म यस प्रदेश संसदमा उभिएर बोल्दै गर्दा कोरोना संक्रमितहरुको स्वास्थ्य लाभ, कोरोनाको कारण दिवंगत हुनेहरु प्रति हार्दिक श्रद्धाञ्जली एवं नेपाल र नेपाल बाहिर रहने आम नेपालीको स्वास्थ्य सुरक्षाको लागि भगवान्सँग प्रार्थना गर्दछु । साथै हालै पर्वत जिल्ला कुष्मा नगरपालिका वडा नम्बर ३ दुर्लुङमा गएको पहिरोका कारण ज्यान गुमाउनेहरुप्रति हार्दिक श्रद्धाञ्जली एवं शोकाकुल सबैमा हार्दिक समवेदना व्यक्त गर्दछु।

गण्डकी प्रदेश सरकारले यस सभामा प्रस्तुत गरेको आर्थिक वर्ष ०७७/०७८ को बजेटको बारेमा आफ्ना धारणा राख्ने क्रममा विपक्षी दलको सांसदको हैशियतले भन्दा पनि गण्डकी प्रदेश सरकारको एक सच्चा जनप्रतिनिधिको हैशियतले यथार्थपरक समीक्षा गर्ने प्रयास गरेको छु ।

सभामुख महोदय,

अहिले एकातिर प्रदेश संरचनाको आवश्यकता र औचित्य माथि यत्रतत्र प्रश्न उठाउँदै बहस अगाडि बढाइने गरेको छ । यस सन्दर्भमा प्रदेश सरकारको काम तथा भूमिकाले प्रदेश संरचनाको औचित्यमा औचित्यता प्रमाणित गर्न सक्नु पर्दछ र संघीयताको अवधारणालाई सार्थक बनाउन भूमिका खेल्न जरुरी छ तर वर्तमान गण्डकी प्रदेश सरकारको काम र भूमिकालाई हेर्ने हो भने वर्तमान परिस्थिति अनुसारको काम गर्न सकिरहेको हामीले अनुभूति गर्न सकेका छैनौ । एउटा उदाहरणको रुपमा हेरौ हालै सरकारको तर्फबाट गण्डकी प्रदेशका अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको बजेट भाषणमा बडो गौरवका साथ प्रदेशका सबै जिल्ला अस्पताललाई सवारी साधन किन्नको लागि बजेट प्रदान गरेको कुरा प्रस्तुत गर्नुभयो । अहिलेको महामारीको विषम परिस्थितिमा

क्वारेन्टाइनमा बसेकाले एक पेट खाना, झरीबाट बच्न, सुरक्षित छ्ाना अति तातोपानी र सिटामोल सिटामोल नपाएका गुनासोहरु आइरहेका छन् । कतिपय स्थानमा बिरामीलाई अस्पताल सम्म पुऱ्याउन एम्बुलेन्स उपलब्ध छैन । अरुको कुरा छाडौं, अग्रलाइनमा काम गर्ने स्वास्थ्यकर्मी समेतलाई आधारभूत सुरक्षा सामग्री उपलब्ध छैन । जनताले चाहेर पनि समयमा कोरोना परीक्षण गराउन पाएका छैनन् । पर्वत जिल्लाको कुरा गर्ने हो भने जिल्ला अस्पतालमा एक वटा सघन बेड समेत उपलब्ध छैन तर प्रदेश सरकारले सवारी साधन खरिदको लागि बजेट दिएकोमा गौरव गरिरहेको छ । यी यस्ता सयौं कुराहरु छन्, जसले जनतालाई राहत होइन, आहात दिएको छ भन्न मन लाग्छ  तर समय निश्चित छ । उदाहरणको लागि यो नै काफी छ भन्ने मलाई लाग्छ । यसै यस सम्मानित संसदमा चालु वर्षको सरकारको कार्य प्रगतिप्रति यो भन्दा बढी बोल्न चाहिनँ। हामी सबैलाई थाहा छ, सरकार नेकपाको सांसदहरुको समर्थनमा निर्माण भएको हो तर गठन पश्चात सरकार सबै जनताको हुनुपर्ने हो भने त्यो अनुभूति हामी र आम गण्डकी प्रदेशका जनताले गर्न पाएका छैनौँ ।

सभामुख महोदय,  सरकारको तर्फबाट प्रस्तुत बजेटलाई मैले नियाँल्दा मलाई एउटा ५ फुट ९ इन्चको मोटोघाटो देखिने मानिस तौल नाप्दा ४५ केजी, स्वास्थ्य परीक्षण गर्दा एक दर्जन दीर्घ स्वास्थ्य समस्या, विद्यमान भएको १५ केजी भारी उठाउन नसक्ने, तर बोल्दा मीठो आदर्शको कुरा गर्न सक्ने अनौठो प्रकृतिको मान्छेको मान्छे जस्तो अनुभूति भएको छ । हामी कोभिड १९ को महामारीबाट पीडित छौं । दिनहुँ संक्रमितको संख्या बढ्दो छ । हाम्रो प्रदेशमा पनि मृत्यु हुनेको संख्या बढ्दो छ । विदेशबाट फर्किनेको लहर बढ्दो छ । प्रयोगशालामा स्वाबको चाङ छ । समयमा नै पिसिआर परीक्षण गर्न नसकेको कारण मृत्यु पश्चात मात्रै कोरोना संक्रमित भन्नुपरेको छ । वैदेशिक रोजगारीमा गएका नागरिक फर्किएसँगै सिर्जना हुने आर्थिक मन्दीको साथै बेरोजगारी समस्याले सिर्जना हुन सक्ने सामाजिक विकृतितर्फ हामीले सोचेका छैनौ । यस अवस्थामा सरकारले चुनावी बजेट जस्तो बडो मीठो शब्दको खाना पस्केको छ तर बजेटले जुन क्षेत्रमा प्राथमिकता दिनुपर्ने हो त्यो क्षेत्रलाई प्राथमिकता भनौं, सम्बोधन

गरेको हामीले पाएका छैनौं । बजेटको उद्देश्य र प्राथमिकतामा कोरोना नियन्त्रण र रोकथामलाई पहिलो बुँदामा राखिएको छ तर विनियोजित बजेटले यसलाई पुष्टी गर्न सकेको छैन । सभामुख महोदय, केन्द्रले गर्दछ, स्थानीय सरकारले गर्दछ, हामी त गरे जस्तो मात्र गरे पुग्छ भन्ने मान्यता राख्ने हो संघीय माथि नै प्रश्न आउनेछ । सभामुख महोदय, म यसतर्फ सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु ।

राम्रो शब्द समायोजन, आकर्षक वाक्य निर्माण र हरेक शीर्षकमा धेरथोर दक्षिणारुपी बजेट व्यवस्थाको लागि प्रदेश अर्थमन्त्रीसँगै प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । तर धन्यवाद भन्नु मेरो संस्कार हो । सरकारको लागि मीठो शब्द नै काफी हुन सक्ला तर हामी जनप्रतिनिधि र जनताको लागि आहतमा राहत चाहिएको छ, अतः कोरोनाको कहरका बीच प्रदेश सरकारको प्रस्तुत बजेट राहतको अनुभूति दिलाउन असफल छ भन्न चाहन्छु । उदाहरणको लागि कोभिड १९ बाट रोजगार गुमाएकालाई रोजगारी सिर्जना गर्न निम्न निम्न बजेट विनियोजन गर्ने सरकारले सहकारी क्षेत्रसँगको कार्यक्रममा अरबमा बजेट विनियोजन गरेको छ। सहकारीको माध्यमबाट जाने अनुदानहरु बढी राजनीतिकमुखी हुने गरेको र दुरुपयोग हुने गरेको पनि प्रशस्त उदाहरणहरु छन् । गण्डकी प्रदेशका जनताको मुख्य जीविकाको स्रोत कृषि हुँदाहुँदै यो बजेटले कृषि क्षेत्रलाई प्रोत्साहन गर्न सकेको छैन भन्ने वैदेशिक रेमिटयान्समा भविष्यमा आउने कमीको कारण सिर्जना हुने समस्यालाई यो बजेटले नजर अन्दाज गरेको छ ।

खानेपानी तथा समसामयिक, सरसफाइको क्षेत्रमा केही बजेट विनियोजन गरिएको छ । तर जोखिमयुक्त बस्तीलाई बचाउनको लागि विनियोजित अत्यन्त कम देखिन्छ । साना सिँचाई तथा विनियोजित रकम नाम मात्रको छ भने पर्यटन प्रवर्धनतर्फ होम स्टेलाई विगतका वर्षहरुदेखि जोड दिइएको र यस वर्ष पनि निरन्तरता दिइएको छ तर होम स्टेलाई डुल्ने, बस्ने, खाने र रमाउनेमा सिमित नगरी सिकाइ केन्द्रको रुपमा विकास गर्नेतर्फ सरकारको ध्यान पुगेको देखिदैन। कोरोना प्रभावित पर्यटन व्यवसायको पुनर्जीवन कोषमा छुट्टाइएको रकम अति अप्रर्याप्त छ। पर्यटन वर्षको तयारीको नाममा धेरै दुरुपयोग गरेको सरकारले पर्यटन व्यवसायीलाई भुलेको मैले महसुस गरेको छु ।

सभामुख महोदय, यदि मेरो लागि मात्र यो बजेट आएको भए, गुनासो राख्दैन्थे होला । म सांसद हुँ । त्यसैले प्रदेशका आम महिलाको ठाउँमा बसेर हेर्ने हो भने यो बजेटले महिला विपन्न, युवा र बालबालिकालाई सम्बोधन गर्न सकेको छैन। शब्दमा उल्लेख होला तर बजेटमा बजेटले सम्बोधन गर्न सकेको छैन । मलाई लाग्छ, समस्याको बाबजुद पनि कार्यकर्तामा भरणपोषणको लागि वितरणमुखी र ठेक्कामुखी कार्यक्रमहरुमा बजेट केन्द्रित गरिएको छ। सभामुख महोदय, गण्डकी प्रदेश विशेष गरी जनजातिको बाहुल्यता भएको प्रदेश हो। हरेक प्रदेशले आफ्नो सामाजिक, सांस्कृतिक पहिचानलाई पनि प्रवद्र्धन गर्न जरुरी छ । यस बजेटले यस प्रदेशका जातीय सामाजिक, सांस्कृतिक, भौगोलिक विविधतालाई ठोस रुपमा संरक्षण र प्रवद्र्धन गर्न सकेको छैन । बजेटमा संचारक्षेत्रलाई कल्याणकारी विज्ञापन उपलब्ध गराउने कुरा ल्याइएको छ तर समग्र संचार क्षेत्रको प्रवर्धनका लागि विनियोजित बजेट यथोचित छैन । बजेटले सुशासन, प्रवर्धनका क्षेत्रमा ठोस कार्यक्रम ल्याउन सकेको छैन । हामीले राजतन्त्र फालेर गणतन्त्र ल्यायौ तर सत्ता त्याग्न सकेनौ। हामी २४५ वर्ष पछि कै अवस्थामा रहेको मलाई अनुभूति भएको छ । पहिले वीरेन्द्र शिल्ड हुन्थ्यो, अहिले राष्ट्रपति कम मात्र होइन, बाइसे चौबिसे राजाको नाममा जस्तो मुख्यमन्त्री कप, मुख्यमन्त्री जलवायु कोष आदि बजेटमा छ । कोरोनामा कोरोनाको विपत्तिमा यस सम्बन्धमा बढी बोल्न जरुरी देख्दिनँ ।

सभामुख महोदय, मैले यो छोटो समयमा केही प्रतिनिधिमूलक सैद्धान्तिक पक्षमात्र उल्लेख गरेँ । बजेट प्रचारमुखी र शब्दमुखी छ । बजेट कार्यान्वयनको लागि वित्तीय स्रोतलाई हेर्नुपर्ने हुन्छ। त्यसरी हेर्ने हो भने प्रदेश सरकारद्धारा प्रस्तुत बजेट अझ असम्भवमुखी निरासजनक छ । सरकारको कुल बजेट ३४ अरब ८४ करोड २१ लाख ६० हजारमध्ये केवल आन्तरिक आय ४ अरब ९० प्रस्तावित छ । बजेटमा पुँजीगत भन्दा चालु खर्च केही प्रतिशतले कमी देखिएता पनि चालु खर्च घटाउन असम्भव प्रायः रहेको सन्दर्भमा सरकारले अगाडि सारेको कार्यक्रमको लागि बजेट अत्यन्तै न्युन

हुने सुनिश्चित छ । बजेटले चालु खर्चलाई कमी ल्याउन कुनै रणनीति ल्याउन सकेको छैन । यसरी जनता प्रत्यक्ष रुपमा लाभबाट (माननीय सभामुखः माननीय सदस्य समय सकियो) सुनिश्चित छ भन्दै बोल्ने मौका दिनुभएकोमा सभामुख महोदय, एवं मेरो पार्टी नेपाली काँग्रेसप्रति आभारी छु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक २०७७ असार ५ गते दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

# भर्वेटिममा संलग्न

| तयार गर्ने | रुजु गर्ने | कम्प्युटर सेटिङ् तथा प्रिन्टिङ् |
|---|---|---|
| हिमालय अपसेट प्रेस<br>नयाँबजार, पोखरा । | सबिता कुमारी शर्मा<br>माइक संचालक | सबिता कुमारी शर्मा<br>माइक संचालक |

## प्रमाणित गर्ने

हरिराज पोखरेल
प्रदेश सभा सचिव